# संघीय संसद
# राष्ट्रिय सभा
# अठारौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २०८२ भदौ १३ गते
# शुक्रबार
# बैठक सङ्ख्या- ४१

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा अपरान्ह १३:२२ बजे प्रारम्भ भयो।

(१३:२२ बजे) **सम्माननीय अध्यक्ष:**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु "शून्य समयमा" बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न एक/एक मिनेटको समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१३:२२ बजे) **माननीय सदस्य श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, कैलालीको खुट्टियो नदी नुहाउन गएका गोदावरी नगरपालिका ९ का चार जना किशोरहरूको नदीमा डुबेर मृत्यु भएको खबरले अत्यन्त दुःखित बनाएको छ। त्यस्तैगरि डडेलधुरा र बैतडी सिमानामा नवदुर्गा गाउँपालिका र सिगास गाउँपालिकाको सिमानामा एक जिप दुर्घटना हुँदा चार जनाको मृत्यु भएको घटनाले अत्यन्त दुःखी भएको छु। दुवै घटनामा ज्यान गुमाउने मृतकहरूमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। साथै दुःखित परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दैछु। त्यसै गरि उखु उत्पादनमा दिँदै आएको अनुदान सरकारले आधा घटाएको छ।

सरकारले गत मंसिरमा उखु न्यूनतम समर्थन मूल्य प्रति क्युन्टल ५८५ निर्धारण गरेकोमा अहिले अनुदानको मूल्य आधा घटाएमा पूर्ण अनुदान दिनका लागि सरकारलाई र अनुरोध गर्दै आफ्नो भनाइ अन्त्य गर्छु। हस् धन्यवाद।

(१३:२३ बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्य गोपाल भट्टराई।

(१३:२३ बजे) **माननीय सदस्य श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-** सम्माननीय अध्यक्ष महोदय, अहिले बाढी पहिरोको कारणले खास गरेर उत्तर तिरको प्रमुख नाकाहरू तातोपानी नाका, रसुवागढी नाका, ठप्पहुदाँ खेरी धेरै समान आउने कन्टेनरहरू करिब ४००को हाराहारीमा उता रोकिएका छ भने छ। यसको निम्ति छिटो भन्दा छिटो ती नाकाहरूलाई सञ्चालन गर्न सरकारलाई आग्रह गर्न चाहन्छु र अर्को मुस्ताङ्गमा रहेको कोरोला नाकालाई पनि अब सञ्चालन गरेर वैकल्पिक रूपमा त्यो नाकालाई समेत प्रयोग गर्न सरकारको ध्यान आकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१३:२४ बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्य जग प्रसाद शर्मा।

(१३:२५ बजे) **माननीय सदस्य श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्षज्यू, शान्ति प्रक्रियाको तीन महत्त्वपूर्ण कारोबार हुन्। पहिलो सना सयायोजन संविधान निर्माण पहिले नै पुरा भएँ, सत्यनिरगुन तथा सत्यनिरूपण तथा बेपत्ताको छानबिनको काम लम्बी रहेको थियो लामो मेहनत र कडा कसरतबाटTRC कानुन २०८१ श्रावण३० गते प्रतिनिधि सभाबाट पास भयो। भद्र ६ गते राष्ट्रिय सभाबाट पास भयो र भद्र १३ गते सम्माननीय राष्टपति बाट प्रमाणित भयो। यो TRC को कानुन बनेको आज ठिक १ वर्ष पुरा भएको छ। यो सम्बन्धीको पदाधिकारीले पूर्णता पाएको पनि भोलि सय दिन पुग्दैं छ। सरकारले आवश्यक बजेटको व्यवस्था पनि गरिसकेको छ। सम्माननीय अध्यक्ष मार्फत नेपाल सरकार र सम्बन्धी मन्त्रालयले यो सम्बन्धितको काम के-कसरी अगाडि बढाइ रहेको

छ। यस बारे राष्ट्रिय अन्तर्राष्ट्रिय जगतको चासो पनि छ तसर्थ यस बारे विस्तृत रूपमा सम्माननित सदन लाई जानकारी गराउन अनुरोध गर्दछु। धन्यवाद।

(१३:२५ बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१३:२६ बजे)**माननीय सदस्य श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-**सम्माननीय अध्यक्ष महोदय, यो साउन र भदौ महिनामा अहिले सम्म ११ जना महिलाहरूको हत्या भएको छ। ९ गते रौतहट जिल्ला माधव नारायण नगरपालिका वडा नम्बर २ निवासी २६ वर्षीय रुबी कुमारी साहको हत्या गरि सुटकेसमा फलिएको अवस्थामा चाहिँ भेटियो। यस्तैसाउन ११ गते सुर्खेत वीरेन्द्रनगर १३ मा केरा खेला निवासी दानसिंह ठाडा मगरले श्रीमतीको हत्या गरे, साउन ३० गते विनायकी त्रिवेणी गाउँपालिका ४ निवासी घुमा पौडेलको श्रीमान् द्वारा हत्या भयो। यो केही समाचारका माध्यम र उजार गरेको घटनाहरूमा मात्रै हुन्न। यस्ता घटनाहरू कतिपयको उजार हुन् बाँकी छन् धेरै नै नेपाली महिलाहरू एकातर्फ स्वतन्त्र, समानताका निम्ति उत्सवको रूपमा सांस्कृतिका पर्व मनाउँदै छन् भने अर्को तर्फ महिला हत्या हिंसा घटनाहरूको श्रङ्खला नै घटि रहेको अवस्था छ। सम्माननीय अध्यक्ष महोदय महिला, बालबालिका विरुद्धको हिंसा र हत्याको बीच केवल लैंगिक विषय मात्र होइन यसले समग्र समाजलाई पनि प्रभाव पारिरहेको हुन्छ। महिलाहरूको प्रति विभेद पूर्ण व्यवहार शारीरिक, मानसिक हिंसालाई नियन्त्रण गर्न आवश्यक छ र यस तर्फ ध्यान दिइयोस् भन्न चाहन्छु।

(१३:२७ बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्य माया प्रसाद शर्मा।

(१३:२७ बजे) **माननीय सदस्य श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्ष महोदय, हालै सरकारले सवारी साधनहरूमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्ने कुरा बाहिर आएको छ। इम्बोस्ड नम्बर प्लेट जडानको लागि मोटरसाइकलको

हकमा २५००, तीन पाङ्ग्रेको हकमा २९००, चार पाङ्ग्रेको हकमा ३२०० र ठुला सवारी साधनको हकमा ३६०० रुपैयाँ शुल्क निर्धारण गरेको भन्न छ। सरकारले रकम असुलीको नयाँ तरिका सञ्चालन नगरोस् बरु सडकको स्तरोन्नति गरेर सधैंभरि दैनिक गाडि दुर्घटना भएर मृत्यु हुने वातावरण बन्द गर्न तिर लागोस्भन्ने चाहन्छु र यो अवैधानिक रुललाई तुरुन्त खारेज गरि नेपाली अक्षरको नम्बर प्लेट राख्ने कुरालाई निरन्तरता दियोस भन्न चाहन्छु। अर्को जाजरकोट जिल्लामा कार्यरत सिडियो लाई सरुवा गरेको करिब दुई हप्ता भई सक्यो अहिले सम्म त्यहाँ कसैलाई पठाएको छैनन्।भूकम्प प्रभावित जिल्लामा काम सुस्त मनस्थितिमै चलिएको छ तर पुरै काम बन्द भएको छ। अहिले सिडियो(...... समय सकिएको।)

(१३:२८ बजे) <u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्य राधेश्याम पासवान।

(१३:२८ बजे) <u>माननीय सदस्य श्री राधेश्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्मानननीय अध्यक्ष महोदय, बारा जिल्ला सिमरा उपमहानगरपालिका वर्ष १५ कि ज्योति पासवानलाई त्यही वडाका वर्ष २० को विशाल यादवले जबरजस्ती करणी गरेको थियोमिति २०८२/०४/२४ गते र पीडितले जिल्ला प्रहरी कार्यालय बारामा उजुरी गर्दा त्यहाँका जिल्ला प्रहरीहरूले दोषीलाई समाती कारबाहीको प्रक्रिया अगाडी बढाएको छ। र फेरि दोषीको बुवा र मामाहरूले पीडित कै बुवा, काकाहरू माथि तपाईको डाँका मुद्दा त्यो इलाका प्रहरी कार्यालयमा दिएको छ। मुद्दा दिएपछि त्यहाँ सोनेलाल पासवान, आमा सरिता देवी, काका कपिल देव पासवान र हिरालाल पासवानलाई इलाका प्रहरीले थुनामा राखिएको छ। यो न्याय व्यवस्थाको कस्तो हो अध्यक्ष महोदय। धन्यवाद।

(१३:२९ बजे) <u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्य शारदा देवी भट्ट।

(१३:२९ बजे)<u>माननीय सदस्य श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, वर्षा याम सँगै आपत विपत त छ दै छ, त्यसै क्रममा? र डेंगु को

रोगी धेरै बढेका छन्। केही दिनमा महामारी फैलिने डर छ भनेर रेडियो नेपालबाट प्रचार गरेको भए पनि कसैले माक्सको प्रयोग र अन्य उपकरणको प्रयोग गरेको देखिँदैन। कोरोनाले पनि ४, ५ जनाको मृत्यु भइ सक्यो र, हैजा पनि बढे को बढे छ। म अध्यक्षज्यू मार्फत नेपाल सरकारको ध्यान आकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१३:३० बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य सुमित्रा वि.सी।

(१३:३० बजे) <u>माननीय सदस्य श्री सुमित्रा वि.सी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, भर्खरै नेपाल भारत र चीनको बोर्डरमा भारत र चीनले नैपाललाई थाहा नदिइ जुन व्यापारी सम्झौता गरियो यसको लागि परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गरिएको यसलाई कूटनीतिक ढङ्गले यो समस्या छिटो समाधान गर्नका निम्ति म सम्माननीय अध्यक्ष महोदय मार्फत नेपाल सरकारको गम्भीर ध्यान आकर्षण गर्न चाहन्छु। १८१६ को सुगौली सन्धि पछि नेपाली जनताले यो सन्धि विरोध गर्दै आएका हुन्। करिब ३७००० किलो मिटर जमिन भारतले हडपेकोले यो जमिन नेपालीको हो र यसका लागि नेपालले २०७७ सालमा नक्सा पनि पास गरिसकेको छ। यसलाई कार्यान्वयन गर्नका लागि निम्ति म नेपाल सरकारलाई हार्दिक अनुरोध गर्दछु। धन्यवाद।

(१३:३१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू शून्य समयमा बोल्ने माननीय सदस्यहरूको क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरू विशेषसमयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सदस्य पदम बहादुर परियार समय १४ मिनेट त्यसपछि माननीय सदस्य सुरेश कुमार आले मगर।

(१३:३२ बजे) <u>माननीय सदस्य श्री पदम बहादुर परियार (नेपाल काङ्ग्रेस):-</u> सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको आजको बैठकमा आज म तीन वटा समसामयिक विषयमा

आफ्नो विचार, विश्लेषण प्रस्तुत गर्ने अनुमति चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, भोलि देखि हाम्रो सम्माननीय प्रधानमन्त्री, हाम्रो मित्र राष्ट्र जनवादी गणतन्त्र चीनका महामहिम राष्ट्रपति सि जिन पिङको निमन्त्रणामा चाइना भ्रमणमा जाँदै हुनुहुन्छ। भोलि ३० अगष्ट देखि ३ सेप्टेम्बर सम्म चाइनाको भ्रमणमा जानेर त्यहाँ संघाइ कोपरेसन समिट २०२५ मा सम्माननीय प्रधानमन्त्रीज्यू सहभागी हुने त्यसैगरी यो चाइनाको भिक्ट्री परेडमापनि सम्माननीयज्यूको सहभागिता हुनेसम्माननीय राष्ट्रपति, उपराष्ट्रपतिज्यूहरू सँग पनि सम्माननीय ज्यूको भेटघाट हुने भनेर परराष्ट्र मन्त्रालयले निकालेको प्रेस नोटमा जानकारी गराइएको छ।

धेरै समय पछाडि हाम्रो सम्माननीय प्रधानमन्त्रीज्यू हाम्रा राष्ट्रको प्रतिनिधिको रूपमा चीनको भ्रमणमा जाँदै हुनुहुन्छ। सम्माननीय प्रधानमन्त्रीज्यू यस्तो अवस्थामा चीनको भ्रमणमा जाँदै हुनुहुन्छ अस्ति भर्खर हामी माथि एउटा ठुलो ज्यादै असजिलै परिस्थितिको निर्माण भएको थियो जहाँ चीन र भारत मिलेर नेपालको भूमि प्रयोग गर्ने गरेर एउटा व्यापारी सम्झौता भएको सन्दर्भमा यता नेपालतर्फ भर्खरैं कोलेरा आउट ब्रेक भइ रहेको छ, पर्सामा लगायतका जिल्लाहरूमा कोलेर आउट ब्रेक भएर त्यो नियन्त्रण बाहिर जाने पो हो कि भने परिस्थिति एकातर्फ छ। अर्कातर्फ निजी विद्यालयहरूले सरकारले लिएर आएको विद्यालय शिक्षा सम्बन्धी ऐनमा चित्त नबुझाएर त्यसको विरोध गरिरहेका छन्, आन्दोलन गर्ने घोषणा गरिरहेका छन् भने यता संस्थागत विद्यालयहरूका शिक्षकहरू पनि आन्दोलन गर्ने तरखरमा छन्। यता उखु किसानहरू सरकारले दिन्छु भनेको, सरकारले कमिट गरेको चाहिने अनुदान नदिएका कारणले गर्दा मारमा पर्‍यो भनेर सडकमा आन्दोलनमा आएका छन्।

दशैं आउन अब केही समय मात्र बाँकी छ, दशैंको प्रबन्धहरू, दशैंको बेला नेपाली समाजमा जुन खालको संस्कृतिका रूपमा धेरै प्रबन्धहरू गर्नुपर्ने छ यति नै बेला धेरै कालो बजारीहरू हुने कुरा छ। यी सबै आन्तरिक मामिलाहरू टड्कारोहुदाँहुदैं त्यति मात्र होइन् नीतिगत रूपमा देशले धेरै अगाडि देखि खोजी रहेको यो संघीय निजामती सम्बन्धीऐन र विद्यालय शिक्षा सम्बन्धी ऐन सदनबाट पास गराउनु पर्ने लगायत तमाम आन्तरिक ज्यादै महत्त्वपूर्ण मामिलाहरू छन्।यसै सन्दर्भमा सम्माननीयप्रधानमन्त्रीज्यू तत्कालै चाइनाको भ्रमणमा र त्यसको केही समय पछाडि भारतको भ्रमणमा जाने कुराहरू आइरहेको छ। यसै सन्दर्भमा म सम्माननीय अध्यक्ष मार्फत सम्माननीय प्रधानमन्त्रीज्यूलाई म उहाँ को एउटा पक्षको मूक्तकण्ठले प्रशंसा गर्ने चाहन्छु, म स्मरण गर्ने चाहन्छु। आज भन्दा केही वर्ष अगाडि हामीले

बडो साहसका साथ हामीले सदनबाट, सडकबाट, घरघरबाट सबै दलले एक मन, एक मुटु, एक आवाज बनाएर सदनबाट हामीले नेपालले चुच्चे नक्सा पास गरियो। त्यो भन्दा केही वर्ष हामीले संविधान २०७२ मा जारी गरि रहदाँ खेरी पनि अलिकति हाम्रा देशको अवस्थामा खलल भएको अवस्था पनि थियो। यी सबै विषय वस्तुलाई रेफ्रेन्स मा राखेर सम्माननीय प्रधानमन्त्रीज्यू चीनको भ्रमणमा जाँदै गर्दा खेरी केही विषयहरूमा सम्माननीयज्यूले ध्यान दिनु पर्दछ जस्तो लाग्दा छ। खास गरि अहिले पछिलोचरणमा जुन चीन र भारतले गरेको भनेको व्यापारिक सम्झौता र त्यो सम्झौता अनुसार नेपालको भूमि लिम्पियाधुरा, लिपुलेक र कालापानी लगायतका भू-भाग प्रयोग गर्ने हामीलाई जानकारी बिना, हाम्रा संलग्नता बिना जानकारी गर्ने भने कुरा छ। यो कुरालाई कूटनीतिक हिसाबले सम्माननीय प्रधानमन्त्रीज्यूले महामहिमसँग भेट्दा खेरी यसलाई वन-टु-वनबसेर यो समस्याको गाम्भीर्यतालाई मानन गरेर वन-टु-वन टकमा यो कुरा राख्नु पर्छ भनेजस्तो लाग्द छ।

म सम्माननीय अध्यक्ष महोदय मार्फत सम्माननीय प्रधानमन्त्रीज्यूलाई स्मरण गराउन चाहन्छु। २०१६ सालमा विसेश्वर प्रसाद कोइरालाले पनि चाइनाको भ्रमण गर्नु भएको थियो। त्यति खेर उहाँहरूले आफ्ना समग्र सँग सागरमथा नेपालको हो भनेर जसरी चाइनाको समक्षहरू सँग उहाँले तर्क दलिलहरू पेस गर्नु भयो र सागरमथालाई नेपालको बनाउन सकियो। त्यति मात्र होइन २०१६ सालमा नै पूर्व प्रधानमन्त्री विसेश्वर प्रसाद कोइरालाले चाइनाको भ्रमणको बेलामा त्यति खेर लिपिलेक लगायतका यी भूभाग त्यति खेर पनि विवाद थियो र चाइनासँग चाइना इज नेपाल को सिमा समस्या समाधान गर्ने भनेर एउटा सम्झौता तयारी गर्दै हुनुहुन्थ्यो। त्यही क्रममा पुष १ गते राजाले जब प्रजातन्त्रको हत्या गर्नु भो र शासन सत्ता कब्जामा लिनु भो त्यसपछि अर्केरूपमा यो सिमाको सम्झौता गरेको पत्र अरदान प्रदान भयो। र यसरी हामी हाम्रा सीमा त्यति खेर ऐतिहासिक रूपमा कायम गर्ने एउटा महत्त्वपूर्ण क्षण हामीले केही गुमाउन पुगियोर आज प्रयन्तसम्म त्यसको हामी दुःख पाएँ रहेको अवस्था छ। यो सन्दर्भमा सम्माननीय प्रधानमन्त्रीज्यूले चाइनाको भ्रमण गरि रहदाँ त्यही २०७७ सालमा जुन हिम्मत र आत्मा विश्वासका साथ चुच्चे नक्सा हामीले जारी गरेका थियौं। त्यही मात्र आत्मा विश्वासका साथ सम्माननीय प्रधानमन्त्रीज्यूले आफ्ना समक्षीक सँग वार्ता गर्ने हुने छ भने मैले विश्वास लिएको छु। त्यति मात्र होइन हामीले देशका प्रतिनिधिहरूले विदेशीहरू सँग टक गर्दा खेरी एउटा खल्तीबाट एउटा चिठ्ठी, अर्को खल्तीबाट अर्को प्रोजेक्टको चाहिने सम्झौता आदित्यादि

निकाल्ने पनि गरेका देखिएका छौं। कैयो त्यस्ता भ्रमणहरूमा त्यस्ता साना-साना मागहरू लिएर गएर हामीले ठुला, हाम्रा देशका मुद्दाहरू छोडेका कुराहरू पनि हामीले देखेका छौं। तसर्थ यस पटकको भ्रमणमा म सम्माननीय अध्यक्षज्यू मार्फत सम्माननीय प्रधानमन्त्रीज्यू अलि फोक्सड भएर यस पटकको भ्रमणमा यही मुद्दामा मात्र केन्द्रित गरेर एउटा गोजीबाट एउटा चिठ्ठी, अर्को गोजीबाट चिठ्ठी, उता तर्फबाट सुर्खेतको लागि कार्यक्रम, अर्को तर्फबाट झापाको लागि कार्यक्रम, अर्को तर्फबाट ललितपुर वा बुटवलको लागि कार्यक्रम निकालिने छैन भने पनि मैले सम्माननीयज्यू मार्फत विश्वास व्यक्त गर्न चाहन्छु र म सम्माननीय प्रधानमन्त्रीज्यूलाई उहाँको चाइना भ्रमणको सफलताको लागि शुभकामना व्यक्त गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, दोस्रो विषय के हो भने अघि सदनमा पनि कुरा उठ्यो अस्ति शनिवार र बुधवार जाँदै अप्राय घटना घट्यो। रौतहटमा एक जना रुबी साहको हत्या भयो र आइतवार सर्वता मिडिया मार्फत जानकारी आयो। त्यो हत्याको आरोप भने लक्ष्मण पासवानले अस्ति सोमवार आत्मा हत्याको प्रयास गरे र उनको वर्न होस्पिटल कीर्तिपुरमा त्यही दिन साझा निधन भएको जानकारी आयो। म दुवै नेपालीहरू प्रति म उहाँकोस्वर्गवासको कामना गर्दछु। सम्माननीय अध्यक्ष महोदय रुबी र लक्ष्मणकोहत्या र आत्महत्याले लिएर आएको संदेश अथवा यसको पृष्ठभूमिलाई यदि हामीले बुझेनै भने यसको पृष्ठभूमिलाई हामीले समयमा केलाउन सकेन भने यी र यसका घटना बारम्बार दोहोरिन रहन छ। रुबी र लक्ष्मणको घटनाको बारेमा न्यूज पेपरमा पढि रहदाँ खरि हेरि रहदाँ खेरी मलाई कहिलेकाहि त आफ्नै बाल्यकालको, आफ्नै किशोर अवस्थाको समयको पनि स्मरण भयो। हामी पनि त्यस्तै अनुभव,त्यस्तै कथा, त्यस्तै संघर्ष बोकेर हुर्किएका मान्छे हौं। समयबस भाग्यबास हामीले जानेर अथवा नजानेर यो प्रस्थितिमा आइ पुगियौ होलातर लक्ष्मण पासवानलाई करार गर्न गइ रहेको छैन कि उ निर्दोष हो भन्न गइरहेको छैन तर लक्ष्मण पासवान जस्तो एउटा मान्छे कसरीएउटा हत्याराको रूप प्रस्तुत हुन्पुग्यो, यो समाजले कसरी त्यहाँ सम्म पुग्यो भने कुराको बारेमा राज्यले समाजले विश्लेषण गर्न जरुरी छ। यो कुरालाई म कहाँ पनि जोड्न चाहन्छु भने एउटा त्यस्तो भूमिहीन किसान लक्ष्मण पासवान जसको एउटा एउटा टुक्रा जागा थिएन सामान्य लेखपढ गरेको थियो केही जीवनमा गरौं भने थियो तर त्यस्तो संघर्ष लड्दा लड्दै राज्यले पनि सोचेन हामीले दश वर्ष अगाडि त्यस्तै लक्ष्मणहरू जस्तै व्यक्तिहरूको लागि राज्यले एक पटक जागा दिने छ, आवासको सुविधा दिने छ भनेर हामीले घोषणा गरियो संविधानमा तर त्यो

अहिले सम्म कार्यान्वयन गर्न सकेका छैन। त्यस्तै त्यस्तै परिस्थितिहरूको कारणले लक्ष्मण पासवानहरूले आज हत्यारा बन्न बाध्य भइरहेका छन्।यो सन्दर्भमा कसैले सोच्ने कि नसोच्ने, यो सन्दर्भमा सभाले सोच्ने कि नसोच्ने, यो सन्दर्भमा सरकारले सोच्ने कि नसोच्ने, यो सन्दर्भमा समाजले सोच्ने कि नसोच्ने म सभालाई सम्माननीय अध्यक्ष महोदय मार्फत सोधन चाहन्छु हामीले दस वर्ष अगाडि देखि दलित समुदायको लागि विकासको लागि अधिकार र ऐन बनाउँछौं भनेको आज कैयो वर्ष भइ सक्यो। हामी किन बनाई राखिएको छैनन्, किन सभाले रुलिङ्ग गर्न सकिरहेको छैन। नेपाल सरकारका प्रतिनिधि यहीं हुनुहुन्छ अहिले सम्म त्यो ऐनलाई लिएर आउने सन्दर्भमा यही सभामा, यहीँ सदनमा लिएर आउने सन्दर्भमा कुरा भइरहेको थियो। त्यसमा किन ढिलोढालो गरिदैं छ माननीय मन्त्रीज्यूले किन त्यसमा काम अगाडि बढाउन सिक राख्नु भएको छैन म यसै सभाबाट सोध्न चाहन्छु तसर्थ हामीले नै गरेका एक/एक साना ठूला कामहरूका कारणले लक्ष्मण पासवान हत्यारा बन्न बाध्य भएका छन् तसर्थ, म समयमै हामी सबै नेपाली नागरिकहरू हुनको लागि पनि म अनुरोध गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, अस्ति केही दिन अगाडि मिडियामा बडो ठुला-ठुला कुराहरू आयो के भने यो मन्त्रीले यति प्रतिशत काम भ्याउनु भयो, ९८ प्रतिशत काम मन्त्रीको कार्यसम्पादन भयो, अर्को मन्त्रालयको ८० प्रतिशत कामको कार्यसम्पादन भयो, अर्को मन्त्रालयको यति भयो भने छापछापती सोसल मिडिया देखि लिएर पत्रिकाहरूमा आउन थाले। मलाई बडो ताजुब लाग्छ, त्यता कुरा सुन्दा खेरी सम्माननीय प्रधानमन्त्री अथवा सचिवहरूसँग कार्यसम्पादन गर्दा खेरी मात्र पत्रिकाहरूले छाप्ने हो कि त्यो काम नेपाल सरकारले निकाल्ने जुन अधिकारी प्रतिवेदन हुन्छ त्यो प्रतिवेदनमा पनि त्यो कुरा रिफ्लेक्ट हुनु पर्छ। प्रतिवेदनमा एक खालको कुरा आउने, पत्रपत्रिकामा अर्को खालको कुरा आउने गरेर सभालाई नै नेपाली जनतालाई नै मिस-इनफर्म, डिस-इनफर्म गर्ने गर्न पाइन्छ तसर्थ यदि साँचे नेपाल सरकारले त्यस्तै राम्रो काम गरेको हो भने देखि त्यसलाई अधिकारिक निकाय मार्फत त्यसरी नै यति काम गर्न सकियोयो सरकारले अथवा यो मन्त्रीले भनेर त्यसको पनि अधिकारिक रूपमा पनि आउनु पर्दछ। अन्त्यमा म सम्माननीय अध्यक्ष महोदय मार्फत पूर्ण सम्माननीय नेपालका प्रधानमन्त्रीज्यूको चाइना भ्रमणको सफलताको कामनासहित आगामी दिनमा ऐन बनाउने सन्दर्भमा यो सत्रको अन्तिम अन्तिम तिर गएका छौंऐन बनाउने सन्दर्भमा अलिकति सवाल बढि चासो राख्नु पर्छ। सरकारका कैयौं गतिविधिहरूमा बढि चासो राख्ने भन्दा पनि सभाले चाहिने ऐन बनाउने कुरा अलि बढि चासो

राख्नु पर्छ त्यता तर्फ हामी सबैको ध्यान आकृष्ट गर्दै मेरो भनाइ लाई अन्त्य गर्न चाहन्छु। हस् धन्यवाद।

(१३: ४५ बजे) <u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्यहरू सुरेश कुमार आले मगर समय १२ मिनेट यसपछि माननीय सदस्य मदन कुमारी शाह गरिमा।

(१३:४६ बजे) <u>माननीय सदस्य श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, म यो विशेष समयमा लिपुलेकका चलिरहेको आन्दोलनहरू र त्यसैगरी सरकारी निकाय र त्यसका कर्मचारीहरूले आग्रह पूर्वाग्रह बदनियता राखिदिदाँ जनता ...... हुन्छ भने बारेमा आफ्ना केही भनाइहरू राख्न चाहन्छु। सबैभन्दा पहिले लिपुलेक सम्माननीय अध्यक्ष महोदय केही दिन अगाडि हाम्रा दुई विशाल छिमेकी मुलुकहरूले आपसमा व्यापार गर्ने सहमति गरे उनीहरूको बीचमा व्यापारको सहमति हुनेको हाम्रा आपत्ति छैन उनीहरूले गरुन् बिलकुल हाम्रा आपत्ति छैन, विरोध छैन तर नेपालको भूमिबाट लिपुलेकहुदैं व्यापार गर्ने जुन सहमति गरे हाम्रो त्यहाँ आपत्ति छन्। हाम्रो भूमिबाट हुँदै उनीहरूले जुन व्यापार गर्ने सहमति गरे त्यो हाम्रा लागि घोर आपत्ति जनक छ, हामी त्यसको र गर्न चाहन्छु जुन सुकै छिमेकी मुलुक हुन्। सम्माननीय अध्यक्ष महोदय लिपुलेक कालापानीलिम्पियाधुरा यी सबै सबै हाम्रा भूमि हुन् थुप्रै थुप्रै ऐतिहासिक दस्तावेज प्रमाणहरूले पुष्टि गरेको सत्य हो कि ती हाम्रा भूमि हुन् यो भूमि मार्फत हुँदै उनीहरूलाई, कसैले पनि व्यापार गर्ने अथवा त्यसको प्रयोगका अधिकार छैन। यदि उनीहरूलाई त्यो भूमिको आवश्यकता छ भने हाम्रो देशसँग पनि उनीहरूलाई सल्लाह गर्नुपर्ने हुन्थ्यो सायद हामीले दिन्थ्यो होला, सहमत हुन्थ्यो होला तर उनले त्यसो गरेनत्यसैले यो जुन कदम उचाले कुनै पनि देशलाई नेपाली जनताहरूले यसलाई समर्थन गर्न सकिँदैनन्। यो समस्यालाई हाम्रो सरकारले साशस्त्र प्रकारको कूटनीतिक तरिकाले समाधान गर्नु पर्दछ त्यता तर्फ केही कदमहरू उचालिएका छन्तर त्योले पुग्दैन्। सायद केही वक्तव्य आएको होला अथवा नआए पनि फेरि आउला त्यतिले मात्र पुग्दैन् किन कि कालापानी, लिम्पियाधुरालिपुलेकहरू दशकै देखि हामी नेपाली जनताले झेलि रहेका घाउहरू हुन। भारतीय शासकका बारेमा त हामीलाई धेरै भन्नु छैनन् भारतीय शासक हामीले चिनेका हुन् तर यसको

भनेन त सम्माननीय अध्यक्ष महोदय, म भारतीय जनताहरूलाई विस्तारवादी भनि रहेको छैन, भारतीय जनता त महान् छन्आइ स्लुट दम तर भारतीयशासक वर्ग त्यसले हाम्रो भूमि मिच्ने काम गरेको छ हामी माथि हस्तक्षेप गर्ने काम गरेको छ हामी त्यसको  गर्न चाहन्छु। चीनले सायद यस्तो गरेका थिएन सिमा मिच्ने कामहरू गरेको थिएन कतै त्यस्तो छ भने पनि सहमतिमा सल्टाउछु भनेर भनिरहेका अवस्था छ तर भारतीय शासक वर्ग त्यस्तो गरेका छैन। त्यसैले यो जुन समस्या छ नेपाली जनताले दशकै देखि झेलि रहेको नेपाली जनतालाई पोलि रहेको जुन घाउ छ यसलाई समाधान गर्ने तर्फ हाम्रो नेपाल सरकार जानु पर्दछभनेको म राख्न चाहन्छु।यसैबिच कालापानीमा १९६२ देखि नै भारतीय सेनाको तैनाती छ। हाम्रो देशको भूभाग कालापानी अनि भारतीय सेनातैनाती राजा महेन्द्रले निरन्तर तानासहित पंचैयती व्यवस्था लागू गर्दा देखि नै भारतीय सेना हाम्रो भूमि कालापानीमा तैनात थियो र कहाँ गयो महेन्द्रको राष्ट्रवाद राजा महेन्द्रलाई राष्ट्रवाद भनेहरूले हेर्नु महेन्द्रको राष्ट्रवाद हाम्रो भूमि कालापानी र भारतीय सेनाको तैनाती यही हो राष्ट्रवाद सम्माननीय अध्यक्ष महोदय, अब यी दुई देशहरू हाम्रा छिमेकी हुन् Unfortunately, we can change the wife or even husbands.म त्यस्तो पुरुष वादी छैननBut not the never भनेर एउटा उखान छ यो बढ दुर्भाग्य छ त्यसैले यो निश्चित रूपमा हाम्रा देशको शासकले सरकारले अझै यो बारेमा गम्भीर भएर कदम उचाल्यो नभने यो समस्या झनझन बढ्दै जान छ भनेर मलाई लाग्दै छ।

यसपछि म अर्को के कुरा राख्न चाहन्छु कि केही सरकारी निकायहरू र त्यसमा कार्यरत कर्मचारीहरूले केही जनप्रतिनिधिहरूले समेत कुनै विषयवस्तुको अज्ञानता, त्यो विषय प्रति आग्रह पूर्वाग्रह र  राखि दिंदा जनताले, नागरिकलहरूले, सेवाग्राहीकहरूले कसरी दुःख झेल्छन्  हुन्छन् भने कुरा पनि म आज राख्न चाहन्छु। शिक्षा विज्ञान तथा प्रविधिक मन्त्रालय, उच्च शिक्षा शाखा, एन ओ सि दिने शाखा कुनै देशको कलेजमा, विश्वविद्यालयमा कुनै एउटा एजुकेशन कन्सल्टेन्सिले स्वीकृति लिएर सरकारमा दर्ता भएको कानुन मान्यता प्राप्त भएको कन्सल्टेन्सिले एन ओ सि लिएरविधार्थी पढ्न पठाउँछ विधार्थी जान्छन् पढ्छन् तर केही समयपछि त्यहाँको कर्मचारीहरूको त्यसलाई उचाल्ने केही राजनीतिक कर्मचारीहरूको बीचमा साँटगाँट हुन्छ अनि त्यो एन ओ सि उनीहरूको बन्द हुन्छ। त्यसपछि कन्सल्टेन्सिको अथाह दुःख कष्टको सिलसिला सुरु हुन्छसम्माननीय अध्यक्ष महोदय त्यो एन ओ सि खोल्नु पऱ्यो भने जाँदा त्यो सम्बन्धी कन्सल्टेन्सिलाई परराष्ट्र मन्त्रालयबाट पत्र आउनु पर्छ भनिन्छ, परराष्ट्र

मन्त्रालयबाट पत्र आउँछ त्यसपछि भनिन्छ अख्तियारको पत्र छ भनिन्छ, अख्तियारको पनि चिठ्ठी आउँछ त्यसपछि फेरि परराष्ट्र मन्त्रालय पत्र पठाइन्छ। यो अलमल भयो के गरेको यो पहिला यस्तो आयो त्यस्तो आयो। यो हालतको लागिको नेपालका राजदूत महोदय स्वयम् त्यो देशको भ्रमणमा जानु हुन्छ र एकदम सकारात्मक प्रतिवेदन पेस गर्नु हुन्छ तर अब के भनिन्छ यो छानबिन गर्नु पर्छ। मानव तस्करिको केन्द्र बनेको छ यो देश त्यसैले यो छानबिन गर्नुपर्छ भनेर भनिन्छ। त्यो सेवाग्राहीलाई संयोगले त्यो कन्सल्टेन्सिको सञ्चालित एकल महिला हुनुहुन्छ। ती कर्मचारीहरूको मानमा मानव भावना पनि आएन कयै महिना सम्म झुल्याइ रहने काम भयो। यति बेला शिक्षा मन्त्रालयले एउटा कार्य दल गठन गरेका छन्सम्माननीय अध्यक्ष महोदय अहिले के तर्कगरिएको छ मानव तस्करि हुमेन ट्राफिकिङ्ग यदि त्यस्तै हो भने शिक्षा मन्त्रालयको त्यो एउटा  तीन सदस्य समेतले त्यो मानव तस्करिको अध्ययन गर्न सक्छ, अनुसन्धान गर्न सक्छ, छानबिन गर्न सक्छ यदि त्यस्तै हो भने नेपाल सरकारले उच्चस्तरको छानबिन समितिको गठन गर्नुपर्ने हुन्छ र यो छानबिन समितिले त्यो सम्बन्धी कर्मचारीहरूलाई पनि छानबिन गर्नुपर्ने हुन्छ किन कि नेअवजेक्स सर्टिफिकेट लिएर जुन विधार्थीहरू गए तिनलाई एन ओ सि कलेज दियो ती कर्मचारीले नै दियो हो त्यसैले त्यहाँ पनि छानबिन हुनुपर्ने हुन्छ सम्माननीय अध्यक्ष महोदय र सम्माननीय अध्यक्ष मार्फत म सम्बन्धित मन्त्रालयको शिक्षा विज्ञान तथा प्रविधिक मन्त्रालयको ध्यान आकर्षण गर्न चाहन्छु र यो छानबिन समितिले सत्यतथ्य पता लगाएर एउटा प्रतिवेदन दिनेछ र यसको दोषीहरू, कन्सल्टेन्सि पनि दोषी छ भने उसलाई पनि कारवाही गरियोस् किनकि हामी कोही पनि मानव तस्करिको पक्षमा छैन। यो रोकियोस् जसले गरेपनि पुरुषले गरे पनि, महिलाले गरे पनि, संस्थाले गरे पनि, व्यक्तिले गरे पनि यो रोक्नुपर्छ तर यो तर्क दिएर यो बहनामा कुनै पनि एउटा सेवाग्राहीलाई प्रतारित हुदैन् यो कुरा सम्माननीय अध्यक्ष मार्फत म फेरि नेपाल सरकारलाई विशेष सम्बन्धी मन्त्रालयको ध्यान आकर्षण चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय खानी तथा भुर्गभ विभाग खानी तथा खनिज पर्दाथ ऐन, २०४२ स्लेटढुङ्गाको लागि अनुमति लिएर खडा भएको कम्पनीत्यो कम्पनीले आफ्नो काम गर्दा स्लेटढुङ्गाको अनुमति लिएर काम गर्दा खेरी खानी तथा भुर्गभ विभागले धेरै उसलाई दुःख दियो। सिडियोलाई पत्र पठाउने, उत्खन्न कार्य रोक्ने लगायतका दुःख दियो यद्यपि त्यो विभागको कार्यक्षेत्रमा ऐनले यो स्लेटढुङ्गा दिदैन्गिट्टी, बालुवा, ढुङ्गा र स्लेटढुङ्गा यो स्थानीय

तहको मातहतमा छ। स्थानीय तहको इजाजत त्यो कम्पनीले लिइ सकेको थियो हैरान-हैरान पारि सकेपछि त्यो कम्पनीले फेरि माननीय उद्योग मन्त्री ज्यूलाई गोहाऱ्यो अनि उद्योग मन्त्रीज्यूले त्यहाँको डिजीलाई भने पछि बल्ल त्यो कम्पनीले आफ्नो स्लेटढुङ्गा उत्खन्न गर्न पायोयस्तो छ प्रवृति सम्माननीय अध्यक्ष महोदय, त्यसै गरि त्यो कम्पनीले स्लेटढुङ्गा ल्याएर बेच्दा प्रहरीले नगरपालिकाहरूले भ्याट बिल खोज्यो अर्को उदाहरण सम्माननीय अध्यक्ष महोदय भ्याट बिल त किन बेच हुँदा खेरी हुन्छ तर यहाँ केमा खोज्यो त्यो खानीले आफ्नो डिपोमा ढुङ्गा लैजादाँ यस्तोमा भ्याट बिल चाहिदैन। नगरपालिकाको मेयरलाई, त्यो प्रहरीलाई, त्यो कर्मचारीलाई यति पनि थाह रहेन्छ किनकि भ्याट बिल भने कुरा कुनै पनि समान किन्न बेच हुँदा चाहिन्छ आफ्नो कारखानाबाट, आफ्नो खानीबाट उत्पादन्न कुनै पनि ठाउँ आफ्नो डिपोमा, आफ्नो शाखामा लैजादाँ चाहिदैन त्यहाँ VCTS (Vehicle consignment Tracking system)चाहिन्छ तर नगरपालिका र प्रहरीले त्यो कम्पनीलाई भ्याट बिल भएन भनेर हजारौं रुपैयाँ दण्डित गर्यो त्यो मेयरलाई र प्रहरीलाई यो कुरा ज्ञान रहेन्छ। सम्माननीय अध्यक्ष महोदय, म यो कुरा यहाँ किन राखे भन्दा खेरी सरकारी निकाय र त्यसका कर्मचारीहरूले उनीहरूको ज्ञान नहुदा उनीहरूलाई आफ्नो कारखानाबाट उत्पादन्न, आफ्नो डिपोमा लैजादाँ भ्याट बिल हैंन् भ्याट बिल चाहिदैन भने ज्ञान रहेन्छ त्यसकारणले गर्दा त्यो सम्बन्धी कम्पनीले दण्डित हुनु पऱ्यो यस्तो यस्तो खालको घटनाहरू मैले यसकारणले राखे सम्माननीय अध्यक्ष महोदय ताकि अगामी दिन यी कर्मचारीहरूले त्यो ज्ञान लिउ र पूर्वाग्रह राखेर कुनै पनि सेवाग्राहीलाई नागरिकलाई जनतालाई दुःख नदिउँ।सम्माननीय अध्यक्ष महोदय, यति बेला एकातिर हैजाको प्रकोप फेरि फैलिएको छ भने अर्कोतिर फेरि शिक्षकहरू, उखु किसानहरू आन्दोलित छन् उनीहरूको आन्दोलन जायज छ यद्यपि केही शिक्षकहरूको मागको सम्बन्धमा विशेष शिक्षकहरूको मागको सन्दर्भमा केही गरेर सोच्नु पर्छ हामीलाई तर सामुदायिक शिक्षकहरूको मागको सन्दर्भ ती माग सहि छन् उनीहरूको आन्दोलन जायज छ त्यसैले ती आन्दोलनहरू प्रति हार्दिक एकबद्धता जनाउन चाहन्छु, समर्थ गर्न चाहन्छु र ती आन्दोलनकारीहरूको उखु किसानहरू हुन्, शिक्षकहरू हुन् यिनीहरूको जायजमा यो सरकारले पुरा गर्नुपर्छ भने कुरा सम्माननीय अध्यक्ष मार्फत राख्न चाहन्छु। धन्यवाद।

(१३: ५८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू मदन कुमारी शाह गरिमा समय १२ मिनेट यसपछि माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव।

(१३:५९ बजे) **माननीय सदस्य श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, भोलि सम्माननीय प्रधानमन्त्रीज्यू चीनको औपचारिकभ्रमणमा जाँदै हुनुहुन्छ भने समाचारबाट थाह पाएका छौं। अध्यक्षज्यू मार्फत सम्माननीय प्रधानमन्त्री समक्ष मेरो जिज्ञासा छ। यस राष्ट्रिय सभामा आएर भ्रमणको औपचारिक जानकारी गराउनु भएको भए उहाँको कदको उचाइ नै बढ्ने थियो होला। जाँदा जानकारी नगराए पनि फर्केर आउँदा राष्ट्रिय सभामा आएर भ्रमण उपलब्धि मूलक रहेको वा नरहेको जानकारी गराउन हार्दिक अनुरोध गर्दछु। सम्माननीय अध्यक्षज्यू, प्रधानमन्त्रीको आसन्न चीन भ्रमणको क्रममा लिपुलेक, कालापानी र लिम्पियाधुरा बारे नेपालको स्पष्ट धारणा र धीरतापूर्वक राख्न अध्यक्षज्यू मार्फत सम्माननीय प्रधानमन्त्रीज्यू सँग जोडदार माग गर्दछु। सिमा विवाद रहेको दुई ठुला छिमेकीहरूले हाम्रो सार्वभौमिकता र अखण्डतामाथि धावा बोलेको अवस्थामा राष्ट्रियताको विषयमा, राष्ट्रिय सहमतिका लागि प्रधानमन्त्रीज्यूले सर्वदलीय बैठक बोलाएर यो विषयमा हामी सबै एकतावद्ध छौं भने संदेश लिएर जानु भएको भए अति उतम हुने थियो तर हाम्रा सम्माननीय प्रधानमन्त्रीलाई एकलै हिँड्ने बानी छ सम्माननीय प्रधानमन्त्रीज्यू यसरी राष्ट्रियता जोगाउनु सकिदैंन सबैको साथ लिएर अगाडि बढ्ने संस्कारको विकास गरौं भने चाहन्छु भ्रमणको सफलताको शुभकामना व्यक्त गर्दछु।

सम्माननीय अध्यक्षज्यू, हिजो भदौ १२ गते कैलाली जिल्लाको गोदावरी नगरपालिकामा रहेको खुट्टिया नदीमा नुहाउन गएका ११ कक्षा अध्ययनरत धनगढी उपमहानगरपालिका वडा नम्बर ५ तारानगरका सक्षम जोशी, हसनपुरका प्रतिक चौधरी, धनगढी ४ उतरबेहरीका जुम्लिया दाजुभाई जेफ भण्डारी र याबेश भण्डारीको नदीमा डुबेर दु:खत मृत्यु भएको छ। मृतक किशोरहरूमा भावपूर्व श्रद्धाञ्जली अर्पण गर्दछु अपूर्ण क्षति भएकोमा परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु। हिजो नै डडेल्धुरा जिल्लको नवदुर्गा गाउँपालिका वडा नम्बर ५ चौरठाडा बजार देखि डडेल्धुरा तर्फ जाँदै गरेको जिप दुर्घटना भएको छ। दुर्घटनामा परि सुरेश साउद, सुरेश पार्की, तारा अवस्थी, कलावती साउद र गणेश बहादुर साउदको निधन भएको छ भने ५ जना सक्द घाइते हुनु भएको छ दुर्घटनामा अमूल्य जीवन गुमाउनु भएका सबै प्रति

भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै सोका परिवारजनमा गहिरोसमवेदना व्यक्त गर्दछु। दुर्घटनामा घाइते हुनु भएकाहरूको शीघ्र लाभका कामना गर्दछु। सम्माननीय अध्यक्ष मार्फत म सरकारसँग सोध्न चाहन्छु हाम्रा पहाडी सडकहरू कहिले सम्म मृत्यु मार्गका रूपमा रहिरहने छन्सुरक्षित यात्राका लागि उचित र पर्याप्त कानुनी तथासंरचनात्मक व्यवस्था कहिले हुने छ।

सम्माननीय अध्यक्षज्यू, वीरगञ्ज महानगरपालिकाबाट सुरु भएको हैजा प्रकोप पर्सा र बारामा पनि फैलिएको छ। सयौंको सङ्ख्यामा हैजाका बिरामी अस्पतालमा उपचारमा छन् नयाँ बिरामी थपिने क्रम जारी छ। हैजाका बिरामीले अस्पताल भरिएको छ मृतकको सङ्ख्या पनि बढि रहेको छ। बिरामी वेडको कमी भएर भुइमा संक्रमितहरूको उपचार भई रहेको छ हैजा पानीजन्य रोग हो जसको मुख्य स्रोत दूषित खानेपानी नै हो। केही दिनमा नियन्त्रणमा राख्न सकिएनन् भने यसले महामारीको रूप लिन सक्छ यसतर्फ सरकारको ध्यान समयमा जान जरुरी छ। समाचार स्रोत अनुसार जनस्वास्थ्य विज्ञ बाबुराम मरासिनीले बिरामीको सङ्ख्या बढ्दै गएको र यो नियन्त्रण बाहिर जाने संकेत देखिएकोले तत्काल स्वास्थ्य आपतकाल घोषणा गरिनु पनि सुझाउनु भएको छ। कर्फ्यु लगाउन, नाकाबन्दी गर्न र राज्यका सबै संयन्त्र एकजुट हुन् आवश्यक रहेको उहाँको सुझाव छ। सम्माननीय अध्यक्षज्यू, सरकारले हैजालाई स्वास्थ्य आपतकाल घोषणा गरेर उपचारमा निजी र सरकारीदुवै स्वास्थ्य संस्थालाई संलग्न गराउन हैजा बिरामीको उपचार र परीक्षण निःशुल्क गरेर हैजा नियन्त्रण गर्न अध्यक्षज्यू मार्फत सरकारको गम्भीर ध्यान आकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, हामी नेपाललाई कृषि प्रधान देश भन्छौं तर विनम्रा त्यहीँ देशका किसान खेती किसानी छोडेर धारणामा बस्न बाध्य छन्। उखु किसानहरू काठमाडौंको माइतीघर मण्डलमा धारणामा बसेका छन् सरकारले आन्दोलित किसानलाई देखेको छ कि छैन, उनका मागहरू सुनेको छ कि छैन, आन्दोलित किसानलाई सरकारले कबुल गरे अनुसारको अनुदान रकम तुरुन्त भुक्तानी गर्न र किसानका अन्य माग सम्बोधन गर्न सरकारको गम्भीर ध्यान आकर्षण गराउन चाहन्छु। सम्माननीय अध्यक्षज्यू, हुम्लाको ताँजाकोट गाउँपालिका ३ मा काम गर्दै आएकी महिला स्वास्थ्यकर्मी माथि स्वास्थ्य चौकी इन्चार्ज, एम्बुलेंस चालक र कार्यालय सहयोगीबाट यौन दुर्व्यवहार र बलात्कार प्रयास भएको छ। पितृसत्तात्मक मानसिकताले महिलालाई केवल वस्तुको रूप हेर्ने हुँदा यस्ता अमानवीय र निन्दनीय घटना हुने गरेका छन्। स्वास्थ्यकर्मी माथि यौन हिंसा हुनु समाज र स्वास्थ्य संस्थाको

लागि डरलाग्दो संकेत हो। पेसागत क्षेत्रमा आक्रमण जस्ता घटनाले स्वास्थ्य सेवा प्रति झन् आस्था कमजोर हुन्छ। सुरक्षित र मर्यादीता वातावरणको अधिकारको हानी हुँदा सेवाको गुणस्तर र कार्य वातावरणलाई असर गर्छ पेसागत सुरक्षाका लागि यो गम्भीर चुनौती हो। यस घटनाको दोषीमाथि कडा भन्दा कडा कारवाही गर्न तथा संस्थागत सुरक्षा उपाय अपनाउन माग गर्दछु।

सम्माननीय अध्यक्षज्यू, सरकारले आउने असार १ गते बाट यातायातको साधनमा अंग्रेजी अक्षर र अंक भएको इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्ने सूचना जारी गरेको छ। अध्यक्षज्यू, मातृभाषा र राष्ट्रियभाषा व्यक्ति र मुलुक दुवैको अस्तित्व, पहिचान, आत्मगौरव र प्रगति उन्नतिको आधारशिला हुन्छ। आधारशिला भत्किए नास्यभाषा मात्र मर्दैन मुलुकको अस्तित्व, पहिचान र समाजिक सम्बन्धहरू पनि कमजोर हुन्छन्  हुन्छ, मुलुकको संविधान, कानुन र प्रशासन कमजोर हुन्छ। चिना हराएको मान्छे पूर्ण चिना त बनाउन सक्छ तर पहिचान हराएको देश समयक्रममा विश्वमानचित्रबाट हराएर जान सक्छ। यति कुराको ज्ञान हामी सबैलाई छ तर सरकारले यो वास्तविकताभुले जस्तो छ भुलेकै हो त हाम्रो संविधानको धारा ७ को उपधारा १ मा देवनागरिक लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने छ भनिएको छ। संविधानको कार्यान्वयन गर्ने अङ्गले संविधानको उल्लङ्घन गर्न पाइँदैन, सरकार पहिचान सक्क हुन पाइँदैन, अस्तित्व मेटाउन पाइँदैन सरकार यो निर्णय मातृघाती छ म यस निर्णयको घोर विरोध गर्दछु र यो निर्णय तुरुन्त फिर्ता लिन अध्यक्ष मार्फत सरकार सँग जोरदार माग गर्दछु। सम्माननीय अध्यक्षज्यू, हाम्रो संविधानको धारा १७ को स्वतन्त्रताको हकको उपधारा २ को खण्ड (च) मा नेपालको कुनै पनि भागमा पेसा, रोजगार, उद्योग गर्ने, व्यापार गर्ने तथा व्यावसायिक व्यवस्थापना र सञ्चालन गर्ने स्वतन्त्रताको व्यवस्था छ तसर्थ यो हकको उपभोग सहजताका साथ उपभोग गर्न पाउने वातावरण निर्माण गर्ने दायित्व राज्यको हुन्छ। तर सम्माननीय अध्यक्षज्यू, काठमाडौंमा कवाड व्यावसायिकहरूको व्यावसायिक गर्ने अधिकार हन्नहन भइ रहेको छ। कवाड व्यावसायिकहरू आन्दोलित हुनुहुन्छ कवाड व्यावसायिकहरू टुटेफुटेका प्लास्टिक, फलाम, तामा, काठ, कागज लगायतका पूर्ण प्रयोग हुनेसामान संकलन गरेर वातावरण संरक्षण, सफाई र आर्थिक उपार्जनमा महत्त्वपूर्ण योगदान दिई रहनु भएको छ। तसर्थ सम्माननीय अध्यक्षज्यू, काठमाडौंबाट कवाड व्यवसाय हटाउने होइन यसलाई व्यवस्थित गर्न नीतिगत र संरचनागत क्षेत्रमा आवश्यक काम गर्न सम्बन्धितनिकायको गम्भीर ध्यान आकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१४:०० बजे) <u>पीठासीन</u>ः- उपाध्यक्ष विमला घिमिरे

(१४:०७ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्यहरू मृगेन्द्र कुमार सिंह यादवसमय ५ मिनेट त्यसपछि माननीय सदस्य बामदेव गौतम।

(१४:०८ बजे) <u>माननीय सदस्य श्री मृगेन्द्र कुमार सिंह यादव (जनता समाजवादी पार्टी नेपाल)</u>ः-सम्माननीय अध्यक्ष महोदय, समय थैरे छ विषय धेरै छ तापनि म एकदम छोटकरीमा आफ्नो विषयहरू राख्न चाहन्छु। किसान हाम्रो अन्नदाता तर किसानहरूको समस्या अहिले माइतीघर मण्डलामा उखु किसानहरू बस्या छ। दूधका पैसा अरबै-अरबै रुपैयाँ बाँकी छ तर सरकारको ध्यान दिइ रहेको छैन। मल्लखादको किसानले पाँइ रहेको छैन त्यसैले यता तिर सरकारले ध्यान दियोस् मात्र षडयन्त्र/खरियन्त्र तिर नलागोस यता तिर अन्नदाताको समस्याहरू तिर ध्यान दियोस भनेर म आग्रह गर्न चाहन्छु। बारा पर्सामा हैजाले विक्राल रूप लिइ रहेछ त्यता तिर पनि नियन्त्रण गर्न सरकारले ध्यान दियोस भनेर आग्रह गर्न चाहन्छु। पश्चिम तराई तिर जापानिज इन्सेफलाइटिसरोग पनि फैलिरहेको छ त्यता पनि ध्यान दियोस्। अब म मधेश, जनजाति, दलित, थारू, महिला, मुस्लिम तिर राज्यले कहिले पनि ध्यान दिएन खास गरेर मधेशलाई मधेशप्रति त नियत नै खराब छ अहिले जुन भूमि विधेयक आज प्रतिनिधि सभाबाट पास हुँदैछ त्यसलाई संसदीय समितिमा विपक्षलाई दरकिनार गरेर जबरजस्ती पास गरेर अहिले पनि फेरि प्रतिनिधि सभा पास गरेर अब राष्ट्रिय सभामा आउँछ। यो भूमि विधेयक बाट मधेशको मरुभुमिकरण हुन्छ। चुरेदोहन सरकारले रोक्न सकेनन् अहिले झन् चुरेको दोहन हुन्छ, जङ्गलको विनाश हुन्छ र मधेश र मधेशीको जमिनमा आर्थिक रूपमा कमजोर गर्ने षडयन्त्रमा हो। त्यहाँको डेमोग्राफिमा पनि चेन्ज आउँछ सरकार भनि रहेछन् कि सुकुम्बासी बसोबासको लागि ल्याएको तर त्यो होइन त्यसको आरमा भुमाफियाले पाल्ने, भुमाफियाले फाइदा गर्ने विभिन्न थिक गरिरहेछ। त्यसैले यो भूमि विधेयक म भन्छु सरकारले फिर्ता लियोस्। मधेशमा आन्दोलन पनि भइरहेछनिश्चित रूपमा यो भूमि विधेयक वा जबरजस्ती दुई तिहाइको दम र अहंकारको बालमा त्यो पास गर्न खोज्योभने यो निश्चित रूपमा म भन्न चाहन्छु एउटा दोहा पनि

छ " अहंकार से नाश होता हो धन, वैभव और वंशन मानो तो देख लो रावण और कंस" निश्चित रूपमा म नेपाली काङ्ग्रेस एउटा उदारवादी पार्टी म उहाँहरूलाई पनि आग्रह गर्न चाहन्छु कि " सङ्गत से गुण होता हो सङ्गत से गुण जात" त्यसैले सङ्गति न जानोस् भनेर म आग्रह गर्न चाहन्छुषडयन्त्रकारी अधिराज्यसँग सङ्गति न जानोस्। अर्को कुरा गौर दुर्घटना दुःखत घटना थियो १९ वर्ष पहिलेको घटना अहिले सम्म कति सरकार आयो/गयो किन छानबिन भएन अहिले सम्माननित सर्वोच्च अदालतले छानबिन गर्न भनेर आदेश गरेको छ त्यसको समान गर्छु सम्माननित अदालतले गरेको विभिन्न त्यहीं बेलामा विभिन्न आयोगहरू, विभिन्न रिर्पोटहरू छ त्यसलाई संज्ञानमा लिएर त्यो सबै रिर्पोटलाई एकदम निष्पक्ष छानबिन होस् हुन त यो पनि सत्य हो कि अदालतमा पनि, सर्वोच्चमा पनि, सबै ठाउँमा भागबन्डामा नै नियुक्ति हुन्छ तैपनि सर्वोच्च अदालतको निर्णयले हामी समान गर्छौं।

(१४:१३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू बामदेव गौतम समय ५ मिनेट त्यसपछि माननीय सदस्य विष्णु देवी पुडासैनी।

(१४:१३ बजे) **माननीय सदस्य श्री बामदेव गौतम (माननीय)**:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय प्रधानमन्त्री केपी ओली जनवादी गणतन्त्र चीन र गणतन्त्र भारतको निकट भविष्यमा भ्रमण गर्दै हुनुहुन्छ। मैले केही सुझाव दिन चाहेको छु सुन्ने नसुन्ने उहाँको विषय भयो। राजा महेन्द्रले २०१८ सालमा चीनको भ्रमण गरेका थिए उनले माओत्सेतुङ सँग भेट वार्ता पनि गरेका थिए राजा फर्केर आए पछि आफ्ना नजिकका र सरकारका प्रमुख व्यक्तिहरूसँग भनेको विषय त्यसै बेला चर्चामा आएको थियो। राजाको चिन्ता निवारण गर्ने गरि माओत्सेतुङ त्यसै बेला भनेका थिए श्री ५ नेपालमा विदेशीले आक्रमण गरि हाल्यो भने हाम्रो सेना र हाम्रो सरकारले चीन नेपाल सिमानाबाटै नेपालका शत्रुहरूलाई लखेटि दिने छौं। हामीले बुझेका छौं नेपाल माथिका आक्रमण हाम्रो अभिन्न अङ्ग, तिब्बत कब्जा गर्नेकै निम्ति हुनेछ। आज चीनमा माओत्सेतुङ छैन राजा महेन्द्र पनि नेपालमा छैन तर दुवै राष्ट्रको समस्या त्यस बेला र आज एउटै छ। त्यसै भएर चीन भ्रमणमा जाँदा नेपालका प्रधानमन्त्रीहरूले त्यस बेलाको माओत्सेतुङको आश्वासन संदर्भ सम्झना गर्ने र गराउने काम महत्त्वपूर्ण हुन् सक्छ।

आज भारतमा रहेका सयौं राज्यहरू पहिलो विश्वयुद्ध भन्दा धेरै पहिले देखि अंग्रेज साम्राज्यवादका उपनिवेश भएका थिए। दोस्रो विश्वयुद्धको अन्तिम तिर मित्र राष्ट्रका प्रतिनिधिहरूले रूसले कम्युनिष्ट अन्तर्राष्ट्र भङ्ग गर्छ भने विश्वयुद्ध समाप्त गर्न र मिलेर हामी सबै जना तयार छौं भनेर खबर पठाए। कम्युनिष्ट अन्तर्राष्ट्रियको बैठक बस्यो र मित्र राष्ट्रको तर्फबाट पठाएको प्रस्तावलाई सकारात्मक लिनुका साथै आफ्नो सर्तको रूपमा संसारभरिका उपनिवेशबाट साम्राज्यवादी हटेर त्यहाँ राष्ट्रिय स्वतन्त्रता प्रदान गर्नुपर्ने सुझाव पठायो। संसारलाई थाहा छ कम्युनिष्ट अन्तर्राष्टिय पनि भङ्ग भयो। संसारका सबै राष्ट्रले स्वतन्त्रता प्राप्त गरे त्यसै बेला भारतका सबै अपनिवेशिक राज्यहरू स्वतन्त्र भए र आज महाभारत तयार भयो। अब नेपालका बारेमा केही सम्झना गरौंवि.स १८२५ मा गोर्खाली राजाले काठमाडौं विजय गर्दौ अगाडि बढे २४ फागुन १८७२ को आसपासमा ६ ठाउँ बाट एकै पटक अंग्रेज साम्राज्यवादले आक्रमण गर्ने समयमा नेपालको सिमाना पूर्वमा तिस्ता नदी, पश्चिममा सटलुज नदी किल्ला काँगडा, उत्तर हिमाल पारि तिब्बत र दक्षिणमा गंगा नदी सम्म पुगेको थियो। भारतको लखनऊ लगायतका नेपालको सिमाना अंग्रेज उपनिवेशका राजाहरूले सम्पूर्ण खर्च व्योहोर्ने गरी अंग्रेज साम्राज्यवादले नेपालमा आक्रमण गर्न सहमत गराए। त्यस बेला उनीहरूका निम्ति उपनिवेशबाट मुक्ति भन्दा ठुलोविषय नेपाल पनि अंग्रेजको उपनिवेश बन्ने भने थियो। त्यसरी खर्च जुटाएर सन् १८१४ मा ईस्ट इंडिया कम्पनीले परिचालन गर्ने अंग्रेज फैजले एकै दिन र एउटै समय पारेर नालापानी, देहरादून, बुटवल, सिन्धुली, दार्जीलिङ, सटलुज सहित ६ ठाउँमा आक्रमण गऱ्यो। त्यो युद्धमा बुटवल र सिन्धुलीमा नेपालले जित्यो अन्यत्र अंग्रेजले जित्यो। नोक्सानी अंग्रेजको ज्यादै भयो नेपालको तीन भाग क्षेत्रमा दुई भाग अंग्रेजले कब्जा गऱ्यो करिब एक भाग मात्र नेपालले पाउने भयो। त्यसैमा आधारित भएर कार्तिक १८७१ बाट सुरु भएको युद्ध२४ फागुन १८७२ मा समाप्त भयो। ४ मार्च १८१६ मा सुगौली भने ठाउँमा नेपाल र इस्ट इंडिया कम्पनी सँग सन्धि भयो। नेपालले यो सन्धिबाट करिब २ लाख ५० हजार वर्ग किलोमिटर भूमि गुमाउनु पऱ्यो र नेपालसँग १ लाख ४७ हजार ५ सय ५१ वर्ग किलोमिटर भूमि बाँकी रहियो।

दोस्रो विश्वयुद्धमा अपनिवेशिक साम्राज्यवादको लगभग पूर्ण पराजय भयोदोस्रो विश्वयुद्ध सन् १९३९ मा सुरु भएर १९४५ सम्म सञ्चालित भएको थियो। युद्धमा धुरीगुट र मित्रगुट गरि दुई गुटमा विभाजित भएको थियो। युद्धमा ७० राष्ट्र सामिल भएका थिए धुरीगुट पूर्ण रूप

ध्वस्त भएर पराजित भएका थिए धुरीगुटले रूस माथि आक्रमण गरेपछि विश्वयुद्ध राष्ट्रिय स्वतन्त्रताको संघर्षमा बदलिएको थियो। धुरीगुट पराजित भएपछि रूसले राखेको सर्त बमोजिम संसारभरिका उपनिवेशहरू स्वतन्त्र भई यस अवस्थामा नेपाल।

(१४:१९ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्यहरू विष्णु देवी पुडासैनी समय १० मिनेट त्यसपछि माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१४:२० बजे) <u>माननीय सदस्य श्री विष्ण देवी पुडारसैनी (नेपाल काङ्ग्रेस)</u>ः- सम्माननीय अध्यक्ष महोदय, नेपाली महिलाहरूको महान् चाड हरितालिका तीजको उपलक्ष्यमा स्वदेश तथा विदेशमा भएका सम्पूर्ण दिदी बहिनीहरूलाई म हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, आज म नेपाली संस्कृतिको गौरवशाली परम्पराको रूपमा रहेको संयुक्त परिवार प्रणाली र वर्तमान अवस्थामा हाम्रा ज्येष्ठ नागरिक बुवा/आमाहरूको सुरक्षाको विषयमा आवश्यक चर्चा गर्न चाहन्छु। नेपाली समाजमा संयुक्त परिवारको अवधारणा हाम्रो संस्कृतिको पहिचान अभिन्न अङ्ग हो। हाम्रा ज्येष्ठ नागरिकहरूको अनुभव र ज्ञानले परिवारलाई मार्ग दर्शन गर्ने परिवारका सदस्यहरूबिच आपसी सहयोग र सदभावना कायम गर्ने र हाम्रो सामाजिक संरचनालाई मजबुत बनाउने समृद्ध परम्पराको एउटा सुन्दर पक्ष हो तर आम नेपालीहरूको आर्थिक अवस्था रोजगारीको समस्या र आधुनिकताको चलनले संयुक्त परिवारको प्रणालीलाई चुनौती दिएको छ। अधिकांश युवाहरूले रोजगारीको खोजीमा विदेश प्लन हुन बाँध्य छन्। जसले गर्दा हाम्रा ज्येष्ठ नागरिक माता पिताहरू आफ्नो झोपडीमा एकलो कष्टकर जीवन बिताउन बाँध्य छन्। यो केवल सामाजिक समस्या मात्र होइन हाम्रो संस्कृति मूल्यहरूको अमूल्य पनि हो। हाम्रो संविधानको धारा ४३ ले प्रत्येक नागरिकलाई सामाजिक सुरक्षाको हक दिएको छ तर सरकारले मात्र ४-५ हजार भत्ता दिएर जिमेवारी पुरा हुन्छ भने मलाई लाग्दैनसरकारले पर्याप्त भत्ता दिन्न सक्ने अवस्था पनि छैन।

चीनमा पनि आफ्नो संस्कृतिक मूल्य संरक्षण गर्ने कानुन बनाएको छ। छोराछोरीलाई आफ्नो अभिभावकको हेरचाह गर्न बाँध्य गर्नेव्यवस्था छ। नेपालमा यस्तो कानुनको व्यवस्था अभाव महसुस भएको छ त्यसैले मेरो यो प्रस्ताव छ कि हाम्रीले पनि हाम्रो संस्कृतिक

मुल्यमान्यतालाई संरक्षण गर्दै ज्येष्ठ नागरिकहरूले पनि सहज र सम्मान जीवन यापन गर्न पाउने अधिकार सुनिश्चित गर्न कानुनी रूपमै खोजी गरौं। यसका लागि प्रत्येक कमाउने छोरा बुहारीले आफ्नो आम्दानीको १० प्रतिशत रकम मासिक रूपमा आफ्नो ज्येष्ठ नागरिक अभिभावकहरूको हेरचाहको लागि बैंक खातामा अनिवार्य रूपमा जम्मा गर्ने अवस्था कानुनमा बनाएर यस्तो प्रभावकारी कार्यान्वयन गर्नु जोड् देऊ। उक्त रकममा १०० प्रतिशत थप सोही बैंक खातामा जम्मा गरि दिनु पर्ने कानुनी व्यवस्था गरी ज्येष्ठ नागरिक बुवाआमा सामाजिक सुरक्षाका कार्यक्रममा संलग्न छोरा बुहारीलाई प्रोत्साहित गर्न १ प्रतिशत भन्दा पनि कम ब्याजदरमा घरघडेरी सवारी सधान खरिद सरकारले ऋण दिने व्यवस्था गरौं। यस्तो व्यवस्था गर्न सकिएमा हाम्रा ज्येष्ठ नागरिकहरूको गरिबीमै जीवनको व्यवस्था हुने हाम्रो संस्कृति, परम्परा, संरक्षण एवम् संयुक्त परिवार अवधारणा निरन्तर पाइ बुढेसकालमा बुवाआमाले एकले जीवन बिताउन नपर्ने अवस्था सिर्जना हुन्छ। सामाजिक सुरक्षा कार्यान्वयनबाट सरकारको कोषबाट भएको खर्च दबाब पनि कम हुन जाने देखिन्छ।

सम्माननीय अध्यक्ष महोदय, हामीले हाम्रो संस्कृतिक धरोहरलाई नष्ट हुन दिनु हुदैन्। आउनुस् हामी सबै मिलेर एउटा यस्तो कानुन बनाउ जसले हाम्रो ज्येष्ठ नागरिक बुवाआमाहरूलाई सुख र समृद्धि दिओस् हाम्रो संयुक्त परिवार परम्परा बचाउन सकियोस् सरकारले पनि सहजताका साथ यो जिमेवारी बहन गर्न सक्ने बाटो निकालोस्। यो केवल कानुनी प्रस्ताव मात्र होइन हाम्रो संस्कृतिक अस्तित्वको रक्षा गर्ने पनि हो हाम्रो ज्येष्ठ नागरिकहरू प्रति हाम्रो नैतिक जिमेवारी पनि हो हाम्रो भावी पुस्ताको लागि एउटा सुरक्षित समाज निर्माणको आधार स्तम्भ पनि हो भने मलाई लागेको छ। त्यस्तै गरी सम्माननीय अध्यक्ष महोदय, मलाई एउटा कुरा मानमा खड्की रहेको छ महाकवि लक्ष्मीप्रसाद देवकोटाले "खोज्छन् सबै सुख त्यो सुख त्यो कहाँ छ, आफू मिटाइ अरूलाई दिनु जहाँ छ"साग र सिस्नु खाएको बेस आनन्द मनले भनु भएको हो कुरा अस्ति मात्र एउटा मलाई एक जना सुरक्षा कर्मी ट्राफिक प्रहरीको बहिनीले सडकमा खटि रहेको बेला एकजना महिला दिदी बहिनीको समस्यालाई देखेर उसले त्यहाँ नजिकबाट हेर्दा हेर्दै उसले त्यसको अवस्था देखेर आफूसँग भएको पैसा दिएर उसलाई बाटा खर्च दिएर बस भाडा पठाएकी छिन। त्यसले गर्दा खेरी हामीले यो सामाजिक प्राणी हो, समाजमा यतिसम्म पनि मान्छेहरू गर्छन् भने छ भने हामीलाई गौरव लागेको छ भने ती बहिनीलाई झनै गौरव लागेको होला किनभने लक्ष्मीप्रसाद देवकोटाले र

तिनिलाई म धन्यवाद पनि दिन् चाहन्छु। हामी मनुष्य जातीय स्वाभाविकसामाजिक प्राणी हो त्यसैले सबैको सेवा गर्ने तिर जानु हाम्रो उचित हो र ती बहिनीले एउटा पाठ पनि सिकाएकी छिन्। र अर्को कुरा मलाई आज अलिकति खलो पनि लागेको छमैले बिहान कान्तिपुरमा पढ्दा खेरी भ्रष्टाचारको उच्च जोखिममा परेको १० वटा क्षेत्रलाई औंल्याएको देखेर अलिकति दिक्क पनि लागेको छ। त्यहीँ मैले अघि साग र सिस्नु खाएको बेस भनेको त्यही कुरा होधन र सम्पत्तिले मानिसलाई सन्तोष दिदैन् बाहिर जतिसुकै खुसी होला तर भित्र भित्र आनन्द हुन सक्दैन। त्यसैले बाहिरी आनन्द भन्दा पनि भित्रि आनन्दको खोजीमा लाग्न सबैलाई सदबुद्धि दिऊ भने म बिदा हुन्छु। धन्यवाद जय नेपाल।

(१४:२६ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू गंगा कुमारी बेलबासे समय १३ मिनेट त्यसपछि माननीय सदस्य सुमित्रा वि.सी.।

(१४:२७ बजे) **माननीय सदस्य श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)ः**- सम्माननीय अध्यक्ष महोदय, नेपाल र भारत बीचको सम्बन्ध ऐतिहासिक, संस्कृतिक, धार्मिक, भौगोलिक तथा आर्थिक रूपमा गहिरो र निकट छ यद्यपि यस सम्बन्धलाई दौत्य सम्बन्ध भन्नुको अर्थ हो दुई असमान शक्तिको सम्बन्ध जहाँ ठुलोदेश भारतले आफ्नो प्रभाव र शक्ति प्रयोग गरि सानो देश नेपाल माथि वर्चस्व कायम राख्न खोज्दा छ। यस्तो सम्बन्ध असन्तुलित, असमान र कहिलेकाहीँ एक पक्ष हुने गर्दछ जसले सानो देशमा असन्तोष, असुरक्षा र राष्ट्रियताको भावना बढाउँछ। नेपाल र भारत खुला सिमा छ जसले गर्दा दुवै देशका नागरिकहरू आपसी आवतजावत, व्यापार, व्यवहार र संस्कृतिक अरदान प्रदान सहज रूपमा गर्न सक्द छन्।धार्मिक दृष्टिले हिन्दू धर्म गहिरो प्रभाव राम, सिता, पशुपति नाथ र काशी जस्ता संस्कृतिक सम्बन्धहरूको पनि दुवै देश बीचको सम्बन्धलाई मजबुतबनाएको छ। यद्यपि, यस मित्रताको आरमा भारतले समय समयमा नेपालको आन्तरिक मामिला हस्तक्षेप गरेको देखिन्छ। उदाहरणको लागि नेपालको संविधान ०७२ जारी हुँदा भारतले असन्तुष्टि जनाउँदै नाकाबन्दीको जस्तो परिस्थितिको सिर्जना गर्‍यो जसले नेपाली जनतामा भारत प्रति गहिरो असन्तोष फैलायो। नेपालमा हुने धेरै जस्तो ठुला राजनीतिक परिवर्तनहरूमा भारतको प्रत्यक्ष

वा अप्रत्यक्ष भूमिका देखिन्छ। भारतले नेपालको राजनीतिक सन्तुलनमा प्रभाव पार्न विभिन्न नेताहरूलाई समर्थन गर्न तथा आफ्नो पक्षमा नीति बनाउने प्रयासले नेपाल भारत सम्बन्धमा असन्तुलन ल्याएको छ। यसले गर्दा नेपालमा भारत प्रतिको भावना समय समयमा आन्दोलित हुने गरेको छ।

अर्को तर्फ नेपाल आर्थिक रूपमा अझै भारत प्रति धेरै निर्भर छ नेपालको अधिकांश आयात भारत हुने गरेको छ र समुद्र नहुदा भारतको मार्ग प्रयोग गर्न पर्ने बाध्यता पनि छ यस्तो निर्भरता सन्तुलित सम्बन्धको वादक बन्न जान्छ। भारतले कहिलेकाहीं यो निर्भरतालाई आफ्नो कूटनीतिक हितमा प्रयोग गरको अवस्था पनि छ तर यस्ता चुनौतीहरूका बाउजुत पनि नेपाल र भारतबिचको सम्बन्ध पूर्णरूपमा सकारात्मक छैन। जनस्तरमा मित्रता अझै मजबुत छ लाखौं नेपालीहरू भारत रोजगारी गरिरहेका छन् र भारतमा नेपाली समुदायको ठुलो उपस्थिति छ यसैगरी भारतीय नेपाल भ्रमण गर्न रुचाउँछ र भारत पर्यटनको दृष्टिले भारत र नेपाल उत्तिकै महत्त्वपूर्ण छन्। भारतीय नागरिकहरू नेपालमा ठुलोसङ्ख्यामा रोजगार गरि रहेका छन् दुवै देशको सम्बन्ध सुमधुर हुन जरुरी छ। नेपाल र भारतबिच समय समयमा भएका विभिन्न दुई पक्ष सम्झौताहरू मध्य कहिलेकाहीं असम्मान सम्झौता भन्दै हामी आइ रहेका छौं र बेला बेलामा भारत र नेपालका बीचमा असम्मान सन्धिहरू हुने गरेका छन्। नेपालको सार्वभौमता, स्वार्थ, कूटनीतिक सन्तुलनलाई क्षति पऱ्याउँने भनेर आलोचना पनि गर्दै आइरहेको छ यस्ता मुख्य असम्मान सम्झौताहरूको कारण समय समयमा नेपाल र भारतको सम्बन्ध बिग्रिदैं पनि आएको छ। यस्तो असम्मान सन्धि हो, सुगौली सन्धि अंग्रेज ईस्ट इंडिया कम्पनी र नेपालको बीचमा भएको थियो।१८१५-१६ मा भएको यो सन्धिले नेपालका सिकेम, कुमाउँ, गढवाल जस्ता नेपालका महत्त्वपूर्ण भूभागहरू हामीले गुमाएका थियौं र ब्रिटिस साम्राज्यवादले खोसेको थियो। कूटनीतिक सम्बन्धमा भारतमा निर्भर हुने यो सन्धि नेपालको लागि घाटाको सन्धि हो, असम्मान सन्धि हो र यस्तो गरेर १९५० को शान्ति तथा मैत्री सन्धि नाम शान्ति तथा मैत्री सन्धि छ तर यसले मित्रता भने कहिले देखाउँदैन। भारत स्वतन्त्र भएपछि नयाँ कूटनीतिक सन्धि यो जुन गरिएको थियो यसले स्थापित गरेको असम्मानताका विरुद्ध पटक पटक नेपालमा राजनीतिक आन्दोलनहरू भएका छन्। १९५० को सन्धिलाई खारेज गर्नु पर्छ भनेर धेरै आन्दोलनहरू उठेका छन् राष्ट्रियताका आन्दोलनहरूमा यो ७५ वर्ष भइसक्यो तर यो असम्मान सन्धि कायम छर यो सन्धिलाई पूर्णता खारेज गर्नु पर्छ भने मागहरू उठेको छर यो ठुलोदेश

र सानो देशको बीचमा जुन हेप मिचा प्रवृत्ति भारतले देखाई रहेको छ त्यस्तो गर्दा खेरी यसलाई पूर्णरूपमा खारेज यदि सरकारले तयार छैन, सक्दैन भने सरकारले १९५० को सन्धिलाई पूर्ण अवलोकन गरोस् भने कुराहरू म राख्न चाहन्छु पूर्ण अवलोकनको एजेन्डा अगाडि सारेर यसलाई छलफलमा लैजाने कुरा जरुरी छ भने कुराहरू म राख्न चाहन्छु।

१९६२ मा कालापानीमा भारतले सेना ल्याएर नेपाली भूमिमा राखेको छ र नेपालका विभिन्न ठाउँहरूमा चीनसँगको लडाइ, समझदारीका कारणले नेपालका विभिन्न भागहरूमा भारतले आफ्नो सैनिक क्याम्पहरू राखेर लडाइलाई सुरक्षित गर्‍यो र चीनसँग लडाइलाई अगाडि बढायो तर त्यति बेला देखि १९६२ मा राखेको यहीँ १९५० को सन्धिले यसरी नेपालमा क्याम्प राख्न सहमति पाउने जुन सन्धि थियो त्यसको आधारमा १९६२ मा कालापानी जुन भारतीय सेनाहरू राख्यो तिनिहरूलाई अहिले सम्म हटाएको छैन। भारतीय सेना कुटियांगि पारि राख्न भारतलाई बारम्बार हामीले भनि राखेका छौं कुटि भनेको कालो र यांगि भनेको नदी त्यहाँको भाषामा कुटियांगि भनेको कालीनदी हो र कालीनदी लिम्पियाधुराबाट बग्छ। लिम्पियाधुराबाट बग्ने कालीनदी पारि जानका लागिहामीले पटक पटक आन्दोलनहरू गर्‍यो तर भारतले एउटा नक्कली कालीनदी सिर्जना गरेको छ। कालीको मन्दिर बनाएर कालीनदी छेउबाट बग्ने लिपुखोलालाई उसले कालीनदी भनेर यो नेपालको सिमाना भनेर हामीलाई छकाउने खोजी राखेको छ, ढाँट्न खोजी राखेको छ हामीलाई थाह छ कालीनदी लिम्पियाधुराबाट बग्ने कालीनदी हो तल आएर महाकाली हुँदै अगाडि बढ्छ। व्यास उपत्यका भित्रको ३७० कि.मि क्षेत्रफल भारतको विस्तारवादी हस्तक्षेपका कारण भारत उत्तराखंड पिथौरागढ् जिल्लाको हो भनि राखेको छ तर यो भूभाग हाम्रो हो, हामी नेपालीहरूको भूभाग हो। कालापानी ३६०० मिटर उचाइमा छ, लिपुलेक ५११५ मिटर उचाइमा छ, लिम्पियाधुरा ५५०० मिटर उचाइमा छ जुन त्रिपक्षीय सिमाना हो र अति महत्त्वपूर्ण व्यापारिक नाका पनि हो। तकलाकोटसँगको व्यापार, कैलाश मानसरोवर जाने तीर्थ यात्रीहरूको यो आवतजावत गर्ने बाटो जुन छ त्यो नेपाल, भारत र चीनको सिमाना छ। यस्तो सन्धिहरूमा यस्तो सम्झौताहरूमा त्रिपक्षीय सन्धि सम्झौता हुन जरुरी छ भने कुरा म राख्न चाहन्छु। र नेपालको भूभाग कालापानीमै गेट बनाएर भारतले लेखेको छ इन्डो टिवेट सिमा प्रहरी भनेर नेपालको भूभाग भित्रने उसले गेट बनाएर लेखेको छ जुन ठाउँ नेपाल, भारत र चीन सिमाना भन्दा पनि धेरै तल छ र नेपाललाई त्यो गेटबाट प्रवेश गर्न निषेध गरिएको छ। यस्तो भारतीय विस्तारवादको

हैकमले गर्दा हामीलाई बारम्बार भारतका विरुद्ध बोल्न र आन्दोलनको व्यवस्थापन गर्नको लागि यो अवस्था सिर्जना भइरहेको छ र यस्ता सन्धिले हामीलाई असम्मानता, कमजोर, अथवा हामी नेपालीहरूका लागि एउटा सानो देश भनेर हेपि रहेको छ। नेपालको वैदेशिक नीति रसुरक्षा नीति भारतको प्रभावमा पर्ने गरेको छ यस्ता सन्धिहरूले सम्मानता र पारस्परिकको सट्टा भारतले वर्चस्व जमाउने खालको हेपाहा व्यवहार हामीले पाइ रहेका छौं र यसरी पटक पटक भएका असम्मान सन्धिहरू १९९६ को महाकाली सन्धि, २०१५ को पारवहन सन्धि यिनीहरू पनि हामीलाई सम्मान ढङ्गले स्वतन्त्र राष्ट्रको अवस्थामा हामीलाई सिर ठाडो पारेर हामीलाई उभाउन सक्ने अवस्था यसले राखेको छैन। सम्झौताहरूमा भारतले आफ्नो रणनीतिक, व्यापारिक वा सुरक्षा हितलाई मात्र प्राथमिकता दिँदै आइरहेको छ जबकी नेपालले सामान्य सहयोग मात्र पाउँछ यस्ता असम्मान सन्धि सम्झौताहरू पुनरावलोकन गरी सम्मान पार्दशी र पारस्परिक हितमा आधारित नयाँ ढङ्गको सन्धि गर्नको लागि १९५० लगायतका असम्मान सन्धिहरू खारेज गर्नका लागि म सरकारसँग अनुरोध गर्दछु।

यस्तै गरेर अहिले पछिलो समयको यो सिमाको बारेमा जुन विवाद आइराखेको छ यो त्रिपक्षीय भूगोलमा एउटा लिपुलेकबाट हामी जहाँ अगाडि बढ्नु पर्ने हुन्छ र यो त्रिदेशीय सिमानामा भारत र चीनले नाका विकास गर्ने भनेर बैठक बसेर त्यसरी अगाडि बढे जसले गर्दा खेरी नेपाललाई त्यहाँ सहभागी गराउनु पर्थ्यो, नेपालसँग समझदारी गर्नु पर्थ्यो, नेपालसँग छलफल गर्नु पर्थ्योर यो त्रिदेशीय नाका अगाडि बढाउने विस्तार गर्ने, विकास गर्ने वा कसरी गर्ने भने कुरामा तीन देशको सहमति हुन पर्थ्यो भने कुरा हो र अहिले जुन ढङ्गले अगाडि बढाएको छ यसको म घोर विरोध गर्दछु र म के भन्न चाहन्छु भने नेपालका सम्माननीय प्रधानमन्त्रीको दुवै देशमा तय भएको भ्रमणलाई यो कूटनीतिक सम्बन्ध विस्तार गर्नका लागि असम्मान सन्धि सम्झौताहरू खारेज गर्नका लागि र यहाँ भइराखेको अहिलेको जुन नेपालको भूमिमा भइरहेको हस्तक्षेप यसलाई अन्त्य गर्नका लागि एउटा कोशेढुङ्गा बनोस्, छलफलका एउटा वातावरण बनोस् र चीनसँग पनि त्यहाँ दुई पक्षीय मिटिङ्गहरू गरियोस्र भारत जाँदा खेरी पनि दुई पक्षीय मिटिङ्गहरू गरियोस् र त्यस पछाडि अगाडि बढ्दा खेरी हामी भारत र नेपालको सम्बन्धलाई अगाडि बढाउनका लागि नेपाल र चीनको सम्बन्धलाई अगाडि बढाउनका लागि त्यस्तो त्रिपक्षीय सिमानामा त्रिपक्षीय सम्झौता गरेर त्रिपक्षीय सहभागितामा हाम्रो देशलाई अगाडि बढाउनका लागि सीमालाई अगाडि बढाउनको लागि त्यस्ता सम्झौताहरू त्रिपक्षीय सम्झौताहरू

हुन कुराहरू राख्न चाहन्छु। सिमा सम्बन्धी संयुक्त प्रविधिक समितिको बैठक बसेर सिमाना सम्बन्धीका कामहरूलाई अगाडि बढाउनका लागि भारतसँग कामहरू अगाडि बढायोस् ऐतिहासिक अभिलेख नक्साहरूको आधारमा नेपालको सिमाना कहाँ हो र कसरी हो भने कुराहरू छुटाउनका लागि नेपालले पहल गरोस् भने कुराहरू राख्दै मेरो भनाई अन्त्य गर्छु। हस् त धन्यवाद।

(१४:४० बजे) सम्माननीय अध्यक्ष :- माननीय सदस्यहरू सुमित्रा वि.सी. समय १५ मिनेट।

(१४:४१ बजे) माननीय सदस्य श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले):- सम्माननीय अध्यक्ष महोदय, आज मनभारि पारेर देशभरि घटेका महिला हिंसाहरू बारेमा बोल्ने अनुमति चाहन्छु। भर्खरै यहीँ भदै ९ गते रौतहट जिल्लामा रुबी साहको सव सुटकेसमा फेला पर्छ र यस्तै गरेर साउनको १६ गते वीरेन्द्रनगर नगरपालिका वडा नम्बर ९ मा १९ वर्षकी कमला रेग्मी श्रीमान सहित परिवार मिलेर उनको हत्या हुन्छ र यसै गरेर वीरेन्द्रनगर नगरपालिका वडा नम्बर १३केरा खोला सुर्खेतमाआफ्नै श्रीमानले दानसिंह ठाडा आफ्नै श्रीमती वर्ष ४५ रविना ठाडाको दाउराको चिर्पटले हानेर हत्या गर्छन्। पश्चिम रुकुम चौरजहारी नगरपालिका वडा नम्बर ३ ठाडा गाउँ रुकुम पश्चिम निवासी वर्ष ३२ की देविका बुढाथोकीलाई आफ्नै श्रीमान चक्रबाहादुर बुढाथोकीले मिति ......असार १७ गते साँझ लखेटि लखेटि खुकुरी प्रहार गरेर मार्छन्। गुर्भाकोट नगरपालिका सुर्खेतका वडा नम्बर ५ वर्ष १६ की प्रेम ओलीका आफ्नै श्रीमान दर्शन खत्रीले मिति २०८२/०१/२१ मा सामान लिन बोलाई छिन्चुनजिकै जङ्गलमा लिएर ढुङ्गाले प्रहार गरेर थिची थिची मार्छन् र यसै गरेर यहीँ साउन ९ गते नेपालगञ्जमा प्रकाश सुनारले २१ वर्ष की निर्मला थापालाई आफ्नै कोठामा मारेर छोड् छन्र कर्णाली प्रदेशको राजधानी सुर्खेतको मङ्गलगढीमा दिनदाहारै चक्कु हानेर घाइते बनाउँछन् र सुर्खेत जिल्लाको पञ्चपुरी गाउँपालिका वडा ८ की दुइटा दिदी बहिनी भक्तपुरमा झुन्डिएको अवस्थामा फेला पर्छिन् र यी सबै घटनाहरू भन्दा हेरि मलाई एकदम मनभारि हुन्छ। आज एक्काइसौं शताब्दीका नेपाली महिलाहरू आफ्नै घरमा सुरक्षित छैनन्, आफू जीवनसाथ भनिने श्रीमान सँग सुरक्षित

छैनन् र हाम्रो समाजसँग सुरक्षित छैनन् यो हाम्रो विनम्र हो भने मलाई लाग्छ। सामान्य प्रशासनिक कारवाही गर्ने कामहरू भइरहेको छ यस्ता खाले जघन्य अपराध गर्नेहरूलाई अलि कडा ढङ्गले कारवाही गर्ने अझै कडा कानुन ल्याउनका निम्ति म सरकारसँग हार्दिक अनुरोध गर्दै भइरहेका कानुनलाई कार्यान्वयन गरेर यो अनुगमन गरेर दोषीलाई कडा भन्दा कारवाही गर्ने र निर्दोषी नफसोस् र पीडित न्याय पाओस् भने म अध्यक्ष महोदय मार्फत सरकारसँग अनुरोध गर्न चाहन्छु। र नेपाली महिलाहरू कहिले सम्म पीडित भइ रहने हो। घरेलु हिंसा मात्र होइन सामाजिक हिंसाले पनि प्रताडित हुनु परिरहेको छ र हिंसा बढ्दै गएर अहिले राजनीतिक हिंसा पनि नेपाली महिलाले भोगि रहनु परेको छ। उस्तै उस्तै क्षमताका महिलाहरू चाहे त्यो राज्यकासम यन्त्रमा होस, चाहे संसदीय फटमा होस, चाहे राजनीतिक दलमा होस महिलाहरूले आफ्नो क्षमता हुदाँहुदैं पनि पितृसत्तात्मक सोच हिजोको सामन्ती सोचको अवशेषको कारणले आज ठुलोलडाई लिएर आएको अधिकारहरूलाई पनि प्रयोग गर्न नपाउने एउटा वातावरण सिर्जना हुँदैछ र यस्तो खालको वातावरणलाई प्रत्येक राजनीतिक दलको नेतृत्व र सरकारको नेतृत्व र विभिन्न संघसंस्था प्रशासनका नेतृत्वहरूले बुझ्न जरुरी छकिनभने योदेशको आधा जना सङ्ख्या भनेको महिलाहरूको हो आधा मात्र होइन ४९ र ५१ प्रसेन्ट जनसङ्ख्या भएका महिलाहरू सृष्टिकर्ता महिलाहरू महिला र पुरुष भएन भने देखि संसारको सृष्टि रहँदैन हामी सबैलाई थाह छ। यो बौद्धिक सभामा मैले दृष्टता गरेर यी कुराहरू भन्दै छु र यो संसारको सृष्टि चलाउनका निम्ति यो समाज रूपीरथलाई अगाडि बढाउनका निम्ति नेपाली महिलाहरूले ठुलोभूमिका खेल्दै आएका छन्। र हामीले हिजोका धर्मशास्त्रहरू पढियौ भने पनि दुर्गा चण्डीहरूले बहादुरी देखाएका कथाहरू हामी सुन्ने गर्छौं र हाम्रै युगमा पनि नेपाली महिलाहरूले चाहे त्यो राणा शासनको बेला होस्, चाहे पञ्चायती तानाशाहीकोबेला होस्, चाहे परिवर्तन भइ सकेपछि नियम कानुन बनाउने र संविधानमा लिपिबद्ध गर्ने कुरामा होस् नेपाली महिलाहरूले देखाएको अदम्य साहस हामीले बिर्सन सक्दैनौत्यसकारणले महिला भनेका आमा हुन, महिला भनेका दिदी बहिनी हुन, महिला भनेका जीवनसाथ हुन, महिला भनेका छोरी हुन यो कुरालाई हेका राखेर हामी सबैले चल्नका निम्ति हाम्रो समाजमा जुन खालका विक्रीतहरू छन् हामी सुन्ने गर्छौं, हामी देख्ने गर्छौं अफिसहरूमा गयौ भने चाहे त्यो सहसचिव लेभलको होस्, चाहे त्यो सचिव लेभलको होस् महिला भनेर हेप्ने र अलिकति नराम्रो दृष्टि हेर्ने प्रवृत्तिहरू विद्यमान छ र कैयो मञ्चमा गयौ महिलाहरू बोल्न जान्दैन भने सोचहरू छन्त्यसकारणले यो महिला नभई यो संसार सृष्टि नचल्ने भएको कारणले आज एक्काइसौं शताब्दीका महिलाहरूले

कहिले सम्म सुटकेसमा प्याक हुन पर्ने हो, कहिले सम्म झारीमा अलपत्र लास हुनुपर्ने हो यसका बारेमा नेपाल सरकार, हाम्रो समाज, हाम्रो परिवार गम्भीर हुने छर यो चेतना जगाउने सवालमा र व्यवहार सुधार्ने सवालमा आफैबाट सुरु गरेर नमुना बन्नका निम्ति म सबैमा हार्दिक आवाहन गर्ने चाहन्छु। र हाम्रो समाज विकृति र विसङ्गतिले होइन अनुशासित र स्वाभिमानी ढङ्गले अगाडि बढाउनका निम्ति हामी सबैको एकतावद्ध ढङ्गले पहल रहोस्भन्न चाहन्छु।

अहिले जुन उखु किसान र शिक्षकहरूको आन्दोलन भइरहेको छ यो आन्दोलन पनि हामीले थुप्रै आन्दोलनबाट अगाडि बढियौ र यी समस्या समाधान गर्नका निम्ति वार्ताको माध्यमबाट सहजीकरण गरियोस्भने पनि म अनुरोध गर्न चाहन्छु र विसङ्गतिहरू देखि र यो यस्ता हिंसाहरू देखि मलाई लाग्छ नेपाली महिलाहरू आ-आफ्नो ठाउँमा संगठित भएर आवाज उठाइ राखेको धेरै भइ सक्यो र आवाज उठाउँदा पनि कति कुरा नहुदा खेरी निराश नहुन्न कानिम्ति एकतावद्ध भएर यस्ता खाले विभिन्न खाले प्रवृति र विसङ्गतिका विरुद्धमा एकजुट भइ रहनका निम्ति म अनुरोध गर्न चाहन्छु। र मलाई लाग्छ दुःख, संघर्षले नै खारिएर सुखका कुराहरू आउँछन् त्यसकारणले हामी महिलाहरू पुरुष विरोधि होइन असल सोच, असल विचार भएका पुरुषहरूसँग एकतावद्ध भएर काँधमा काँध मिलाएर आज सम्म जसरी विभिन्न नियम कानुनमा पनि महिलाहरूको अधिकारहरूका बारेमा पनि एकतावद्ध भएर लिपिबद्ध गराउन सफल भयो। त्यसता खाले असल सोच भएका पुरुषहरू र पार्टीहरू मलाई लाग्छ उहाँहरूले अभिभावक त्यो दिनु हुनेछ र महिलाका बारेमा यहाँ सम्म ल्याउनु भएका गर्नु भएका योगदानहरूलाई खेर जान नदिएर आफ्नो कार्यकालमा यसलाई संयम र धैर्यताकासाथ विभिन्न समस्याहरूलाई समाधान गर्न र नेपाली महिलाहरूलाई न्यायदिन सम्पूर्ण पक्षहरूलाई म सामूहिक ढङ्गले आवाहन गर्न चाहन्छु। र कतिपय पुरुषहरूको नियतिले गर्दा समाजमाराम्रा नराम्रा दुवै खाले मान्छेहरू हुँदा रहेछन् केही नराम्रा पुरुषहरूको कारण महिलाहरू पीडितहुने र म महिला भएको नाताले अहिले आएर केही महिलाहरूले पनि अलिकति केही महिलाहरूले आफ्ना रीतिथिति अरूभन्दा श्रृंखल हुने भएको कारणले थेरै गलतले धेरै सहि गर्नेहरू ओझलमा पर्ने एउटा स्थिति सिर्जना हुने रहेछ। र अघि नै यहाँ उठ्यो हाम्रो तीज कार्यक्रमको बारेमा पनि हामी अधिकारखोजेका हौं, स्वतन्त्रता खोजेका हौं स्वतन्त्रताका नाममा हामी अराजकता खोजेका होइनैत्यसकारणले यी सबै कुरालाई बैलेंस मिलाउँदै हामी सबै आ-आफ्नो ठाउँमाम/म भन्दै गलत गरेका छौं भने सचिदैं सत्यको पक्ष लिदैं अगाडिबढ्दै म सम्पूर्णलाई आवाहन गर्दै राम्रो

गर्ने मनसाय भएको हरूलाई साथ दिने गरि अहिले सम्म गरिरहेको योगदानको कदर हुने गरि स्वाभिमानी साथ अगाडि बढ्ने आफू पनि प्रतिबद्धता जाहेर गर्दै यो समाजलाई राम्रो बनाउन नियम, कानुन मात्र लेखेर नहुने यसलाई व्यवहारमा लागूगर्नुपर्ने भएको कारण यसलाई व्यवहारमा कार्यान्वयन गर्नका निम्ति म आवाहन गर्दै म आफ्ना भनाई टुङ्ग्याउँछु। ल हस् धन्यवाद।

(१४:५१ बजे) <u>पुनः पीठासीन</u>:-अध्यक्ष नारायण प्रसाद दाहाल।

(१४:५५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू "विशेष समयमा" बोल्ने क्रम यहीं समाप्त हुन्छ। माननीय सदस्यहरू अब अर्थ मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तर कार्यक्रम प्रारम्भ हुन्छ। माननीय सदस्यहरू अब माननीय उपप्रधानमन्त्री एवम्अर्थमन्त्री विष्णु प्रसाद पौडेललाई माननीय सदस्यहरूले सोध्ने प्रश्नको जवाफ दिनको लागि रोस्टमा आउन आग्रह गर्दछु।

माननीय सदस्यहरू अबप्रश्नकर्ता माननीय सदस्य मदन कुमारी साह गरिमा आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१४:५६ बजे) <u>माननीय सदस्य श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्षज्यू, लामो समयको पर्खाई पछि आज प्रश्नोत्तर कार्यक्रममा माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्रीज्यू पाल्नु भएकोमा सम्माननीय अध्यक्षज्यू मार्फत माननीय मन्त्रीज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्दै खुसी व्यक्त गर्दछु। सम्माननीय अध्यक्षज्यू मार्फत माननीय मन्त्रीज्यूलाई मेरो प्रश्नहरू यस प्रकार रहेका छन् म एकै चोटि प्रश्नहरू बाच्न गर्न अनुमति चाहन्छु।

१. सरकारले हाम्रो जस्तो गरिब मुलुकलाई दुःख दिन र हाम्रो अर्थतन्त्रलाई आफ्नो पन्जामा राख्न अमेरिका लगायत पुँजीवादी राष्ट्रहरूकोप्रपञ्च त होइन यसको प्रतिबद्ध र बचाउ हाम्रो देश ले कसरी गर्छ?

२. नेपाल ग्रे लिस्टमा पर्ने अवस्था किन सिर्जना भयो?

३. ग्रे लिस्टमा परेका कारण आतंकवादीगतिविधिलाई सहयोग गरेर समाप्ति आर्जन गर्ने मुलुकको परिचय भन्दा मुलुकको प्रतिष्ठामा आँच आएन र?

४. अन्तर्राष्ट्रिय कारोबारमा के कस्ता अप्ठ्याराहरू पर्दछन् वैदेशिक आयात निर्यातहरू प्रभावित हुन्छ कि हुदैन्यदि हुन्छ भने यसको नेपाली अर्थतन्त्रमा के कस्तो प्रभाव पर्छ?

५. वैदेशिक ऋण अनुदान जस्ता लगानी के कसरी प्रभावित हुन सक्छन्?

६. आर्थिक वित्तीयर कूटनीतिक लगायतका क्षेत्रमा पर्ने प्रभावलाई रोक्न तथा खैरो सूचिबाट हटाउन सरकारसँग नीति तथा कार्यक्रम के छन्। धन्यवाद।

(१४:५८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय उपप्रधानमन्त्रीज्यू।

(१४:५८ बजे) **माननीय अर्थमन्त्री श्री विष्णु प्रसाद पौडेल**:- सम्माननीय अध्यक्ष महोदय, सबै भन्दा पहिला प्रश्नकर्ता माननीयज्यू प्रति म हार्दिक समान व्यक्त गर्न चाहन्छु। केही व्यवहारिक घटनाले गर्दा उत्तर लिएर उपस्थित हुन केही विलम्ब भयो त्यसका प्रति उच्च सम्झदारी व्यक्त गर्नु भएकोमा म आभार व्यक्त गर्दछु। अध्यक्ष महोदय, माननीयज्यूले साँच्ची नै अहिलेको समसामयिक राष्ट्रिय सन्दर्भसँग जोडिएका केही महत्त्वपूर्ण प्रश्नहरू उठाउनु भएको छ। यी प्रश्नहरूको माध्यमबाट सरकारको पोजिसन देशका सामनेमाराख्ने अवसर पनि प्रदान गर्नु भएको छ त्यसका लागि पनि म धन्यवाद भन्दै म प्रश्नको जवाफ तिर प्रवेश गर्ने अनुमति चाहन्छु।

अध्यक्ष महोदय, हाम्रो देश स्वाधीन, स्वतन्त्र, सार्वभौम एउटा राष्ट्र हो नेपाल र हामीले एउटा विषयमा गर्भ गर्दै आएका छौं र त्यो गर्भ गर्ने हैसियत राख्छौं कि हाम्रो देश कहिले पनि कसैको उपनिवेश भएन, कहिले पनि हाम्रो स्वाधीनता सम्पूर्ण रूपमा खोस्ने विदेशीहरूका कोसिसहरू सफल भएन हामी सधैं स्वाधीन, स्वतन्त्र र सार्वभौम राष्ट्रका रूपमा रहँदै आएका छौं। त्यसले गर्दा अध्यक्ष महोदय, हामी माथि कुनै शक्ति राष्ट्रहरूले हामीलाई आफ्नो अधीनमा राख्नका निम्ति आफ्नो पन्जामा राख्नका निम्ति कुनै कोसिस गर्छन् र हामी त्यहाँ

उनीहरूकोपन्जामा पर्छौं भने त्यो आशंका हामीले गर्नु हुदैन् मलाई लाग्छ। हामी धेरै ठूला प्रतिकूलताका विरुद्ध झुलेर हाम्रो राष्ट्रका स्वामित्वलाई जोगाएका छौं। हाम्रो देशको आर्थिक, सामाजिक क्षेत्रमा हाम्रा निरा अधिकारलाई जोगाएर आएका छौं त्यसकारणले हामी हाम्रो राष्ट्रलाई सम्पूर्ण रूपमा एउटा स्वाधीन राष्ट्रका रूपमा अघि बढाउँछौं भने कुरामा म विश्वास दिलाउन चाहन्छु र यस सन्दर्भमा सरकार, प्रतिपक्ष, आम नागरिक हामी सबै एक ठाउँमा छौं भने सरकारको बुझाई र विश्वास पनि म यस सभामा राख्न चाहन्छु। आर्थिक अपराध नियन्त्रण र सुशासन प्रत्येक भूमिको कर्तव्य हुन्छ। सम्पति शुद्धीकरण र आतंक कार्यकारीमावित्तीय लगानी नियन्त्रण सम्बन्धी विश्वव्यापी साझा प्रयासहरू पनि त्यसैका अभिव्यक्तिहरू हुन। हाम्रो राज्यलाई नै चुनौती दिने सक्ने गरि ठुला र गम्भीर प्रकृतिका आर्थिक अपराधहरू नियन्त्रण गर्न नेपाल विश्वका सबै मुलुकहरूसँग सहकार्य गर्दै अगाडि बढ्न तत्पर त्यस हिसाबले प्रयासहरू पनि छ। यो दुनियाकै साझा चासोको सर्वकारको हुने विषय हो भने कुरा म राख्न चाहन्छु। जहाँसम्म माननीयजी ले ग्रे लिस्टमा पर्ने अवस्था किन सिर्जना भयो भने जिज्ञासा राखु भएको छ।

सम्माननीय अध्यक्ष महोदय, नेपालको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी दोस्रो चरणको अन्तर्राष्ट्रिय पारस्परिक मूल्याङ्कन सन् २०२२/०२३ मा सम्पन्न भएकोमा मूलत नियमन, सुपरिवेक्षण, अनुसन्धान, अभियोजन र कसुरबाट प्राप्त सम्पत्ति जफत गर्ने कार्यमा पर्याप्तमा नसकेकालेनेपाल ग्रे लिस्टमा परेको हो। यस सम्बन्ध कानुन व्यवस्थाको पर्याप्ताको पनि अभाव थियो र सम्बन्धित निकायहरूबाट समयमै प्रभावकारी कामहरू पनि हुन सकेन त्यसले गर्दा यो स्थिति सिर्जना भएको तर पछिला दिनहरूमा हामीले कानुन निर्माणको काम सम्पन्न गरेका छौं र यो सम्पत्ति शुद्धीकरण निवारणका सन्दर्भमा राज्यका सम्बद्ध अङ्गहरूले चाल्नुपर्ने कलमहरूलाई प्रभावकारी रूपले अगाडि बढाएका छौं। त्यसैगरी माननीयज्यूलेसोधिएको अर्को प्रश्न छ यो ग्रे लिस्टमा पर्दा अथवा खैरो सुचीमा पर्दा मुलुकको परिचय र मुलुकको प्रतिष्ठामा आँच आएन भने प्रश्न गर्नु भएको छ। निश्चित नि यो खैरो सूचिमा ग्रे लिस्टमा पर्नेकुरा हामी सबैका निम्ति चिन्ताको चासोको विषय हो र यो हाम्रा निम्ति हामीले चाही शीघ्र प्रभावकारी प्रयास गरेर त्यो ग्रे लिस्टबाटबाहिरआउनु पर्ने हाम्रो जिमेवारी हो भने कुरा म राख्न चाहन्छुर माननीयज्यूले व्यक्त गर्नु भएको चिन्ता चासो प्रति धन्यवाद भन्न चाहन्छु।

नेपालको सम्पत्ति शुद्धीकरणका निवारण सम्बन्धित तेस्रो चरणको अन्तर्राष्ट्रिय पारस्परिक मूल्याङ्कन सन् २०२२/०२३ ले आतंककारी गतिविधिमा नेपालको अवस्था जोखिम पूर्ण नरहेको

र सामान्य सुधारमा मात्र आवश्यक रहेको उल्लेख गरेको छ। उक्त आवश्यकता २०८० चैत्र ३० मा भएका विभिन्न १९ वटा कानुनहरूको संशोधन पुरा गरेका छन् र यी कानुनहरूको कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित निकायहरूले रणनीतिक कार्य योजनासहित आफ्ना कामहरूलाई अगाडि बढाएका छन्। कुनै पनि कार्यले मुलुक ग्रे लिस्टमा पर्नु हुँदैनथ्यो, आर्थिक वित्तीय हुँदैनथ्यो ग्रे लिस्टमा परेको कारणले आर्थिक वित्तीय एवम् मुलुकको प्रतिष्ठाको दृष्टिकोणले समेत पनि यो उचित होइन भने कुरामा कुनै दुई मत हुन सक्दैन र ग्रे लिस्टबाट यथासके छिटो बाहिर निस्कन सरकारले शीघ्र सुधारको कार्य योजनाहरू बनाएर अगाडि बढेको छ यो पनि म सब अवगतमा बोध गराउन चाहन्छु। त्यसैगरी ग्रे लिस्टका कारण मुलुकको अन्तर देशीय वित्तीय कारोबार विप्रेषण प्रवाह अन्तरदेशी व्यवसाय विदेशी लगानी लगायत मुलुकको प्रतिष्ठामा क्रमस प्रतिकूल असर पर्ने सक्ने भएकोले सोको प्रभाव कम गर्न यथासके मुलुकलाई छिटो ग्रे लिस्टबाट बाहिर निकाल्न सरकारले सुधारका कार्यक्रमहरू निर्माण गरेर कार्यान्वयन गर्दैछ २०८२ देखि नै सुधारका कार्यक्रमहरू कार्यान्वयनमा रहेका छन् भने म अवगत गराउन चाहन्छु। ग्रे लिस्टका कारण मुलुकले प्राप्त गर्ने वैदेशिक ऋण, अनुदान, सहायता जस्ता लगानीमा प्रतिकूल असर पर्न सक्न भएकाले सोको प्रभाव कम गर्न यथासके छिटो मुलुकलाई ग्रे लिस्टबाट बाहिर निकाल्न सरकार संवेदनशील छ यसका निम्ति प्रभावकारी प्रयासहरू अगाडि बढाएका छ र सरकारको विश्वास छ हामीले यो सुधारको योजनाहरू शीघ्र र प्रभावकारी कानुनका माध्यमबाट ग्रे लिस्टबाट बाहिर आउने छ। त्यसैगरी नेपाल सरकारले ग्रे लिस्टबाट बाहिर निस्कन निम्न बमोजिमका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरिरहेको व्यहोरा पनि म अनुरोध गर्न चाहन्छु। सम्पत्ति शुद्धीकरण (money laundering) निवारण तथा व्यावसायिक वातावरण सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन २०८० ले विभिन्न १९ वटा ऐन संशोधन गरेको छ। सम्पत्ति शुद्धीकरण (money laundering) निवारण नियमावली २०८१ जारी गरि कार्यान्वयनमा आएको छ। सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी रणनीति तथा कार्ययोजना २०८१/०८२,२०८५/०८६ कार्यान्वयनमा रहेको छ शीघ्र यथाशीघ्र मुलुकलाई ग्रे लिस्टबाट बाहिर ल्याउन र आगामी दिनमा त्यस्तो सूचीमा पर्ने नदिनेगरि प्रभावकारी कारणहरूको सुनिश्चितता गर्नको लागि निर्देशक समितिले ग्रे लिस्टबाट बाहिर निस्कने शीघ्र सुधारात्मक क्रियाकलापका विस्तृतीकरण २०८२ स्वीकृत गरेर कार्यान्वयनमा लगेको छ। एसिया पेसिफिक ग्रुप एपिजि बाट प्राप्त रेटिंगको रिपोर्टिंग ढाँचामा प्रतिवेदन गरि फाइनान्सेल इनटेलिजेन्स युनिट मार्फत प्रतिवेदनको प्रबन्ध

गरिएको छ। सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानीनिवारण सम्बन्धमा बहुमूल्य धातु वा वस्तुको कारबार गर्ने व्यवसायी सूचक संस्थालाई जारी गरेको निर्देशन, २०८२ कार्यान्वयनमा रहेको छ। सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा केसियो व्यवसायी सूचक संस्थालाई जारी गरेको निर्देशन, २०८२ कार्यान्वयनमा रहेको छ। सम्पत्ति शुद्धीकरण तथा आतंककारीकार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा घरजग्गा कारोबार सम्बन्धी सूचक संस्थालाई जारी गरेको निर्देशन, २०८२ कार्यान्वयनमा रहेको छ। सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानुनले गठन गरेको निर्देशक समिति समन्वय समितिका अतिरिक्त रणनीति तथा कार्य योजना २०८१ देखि २०८५/०८६ को अवधिभरिका लागि ४ ओटा कार्यान्वयन संयन्त्र नियामक, अनुसन्धान समन्वय, आतंकवाद प्रतिरुद्ध र कार्यान्वयन समन्वय तथा सहजीकरण जस्ता समन्वय समिति गठन गरि समन्वय, सहजीकरण, अनुगमन र निर्देशन सम्बन्धी कामहरू भइरहेका छन्। चालू आर्थिक वर्ष २०८२/८३ को बजेटले अध्याय बमोजिमको व्यवस्था गरेको छ। नेपाली व्यवसायी वा कम्पनीलाई विदेशमा बिक्री शाखा वा अर्ध प्रशोधित सामग्री निर्यात गरिप्रशोधन कारखाना स्थापना गर्न अनुमति दिने यसका लागि निर्यातबाट हुने वार्षिक आम्दानीको २५ प्रतिशतसम्म विदेशमा लगानी पाउने कानुन व्यवस्था गर्ने यस्तो व्यवस्थाबाट आर्जित मुनाफाको ५० प्रतिशत देशभित्र फिर्ता गर्नुपर्ने व्यवस्था गर्ने र विदेशमा गरिने लगानी स्वीकृतिको जिमेवारी लगानी पदमा रहने यस्ता प्रबन्धहरू गरिएको छ। यसै स्पष्ट कानुन व्यवस्था यो बजेटको व्यवस्था बजेटले अपेक्षा गरे अनुकूलको कानुन व्यवस्था गर्दा खेरी हामीले यो पुँजी निर्मलीकरणको मनी अर्निंग जुन अभ्यास छ यसलाई प्रभावकारी ढङ्गले नियन्त्रण गर्न सक्छौं भने सरकारको विश्वास छ।

अन्त्यमा अध्यक्ष महोदय, म फेरि दोहर्‍याएर भन्न चाहन्छु सरकार यो सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित जस्ता प्रश्नहरू उपस्थित भएका छन् त्यसकारणले जुन प्रकारकोग्रे लिस्टमा मुलुक परेको अवस्था छ। व्यवस्थित आवश्यक कानुन निर्माण र कानुनको आधारमा व्यवस्थित कार्यान्वयन निर्माण, आवश्यक संरचनाहरूको निर्माण र तत्व अनुकूलको प्रभावकारी कार्य योजना निर्माण र कार्यान्वयनका माध्यमबाट सरकार अगाडि बढिरहेको छ र सरकारको विश्वास छ हामी त्यो निर्धारित समय भन्दा अगावै ग्रे लिस्टबाट बाहिर निस्किने छौं र यस अभियानमा सबै माननीयज्यूहरूको र आम नागरिकहरूको सामाजिक जीवनका सबै क्षेत्रहरूको साथ समर्थन र सहयोगका लागि पनि म हार्दिकता पूर्ण अनुरोध गर्न चाहन्छु। धन्यवाद।

(१५:१० बजे) **सम्माननीय अध्यक्ष** :- अब प्रश्नकर्ता माननीय सदस्यलाई पूरक प्रश्न सोध्न चाहनु हुन्छ भने प्रश्नसँग सम्बन्धित विषयमा केन्द्रित रहि एक मिनेट भित्र पूरक प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१५:१०बजे) **माननीय सदस्य श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यू मार्फत म उपप्रधानमन्त्री तथा अर्थमन्त्रीज्यूलाई हार्दिक धन्यवाद दिन् चाहन्छु। विस्तृत रूपले जिज्ञासाहरूको समाधान दिने कोसिस गर्नु भएको छ त्यसका लागि पूर्ण धन्यवाद दिन् चाहन्छु। मेरो पूरक प्रश्न यस प्रकार रहेका छ माननीय अध्यक्षज्यू मुलुकलाई ग्रे लिस्टबाट बाहिर निकाल्न सरकारले कहिले सम्मको समय सिमा निर्धारण गरेको छ। धन्यवाद।

(१५:१० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय उपप्रधानमन्त्रीज्यू।

(१५:१० बजे) **माननीय अर्थमन्त्री श्री विष्णु प्रसाद पौडेल**:- हामीले करिब ६ महिनाको समय व्यतीत भई सकिएको छ। हामीलाई २ वर्षको समयावधि उपलब्ध भएको हो र त्यो मैले अघि पनि भने सम्माननीय अध्यक्षज्यू कि यो निर्धारित समय भन्दा अगावै सरकारले मुलुकलाई ग्रे लिस्टबाट निकाल्नको लागि कुनै कसर बाँकी नराखि काम गर्छ र फेरि म विश्वास दिलाउन चाहन्छु सरकारको तर्फबाट कि हामी ग्रे लिस्टबाट निस्कने मात्र होइन फेरि फेरि कहिले ग्रे लिस्टमा नपर्ने गरीकन हामीले हाम्रा काम कारोबारलाई अगाडि बढाइरहेको छौं र यो यसका नतिजाहरू क्रमस आउँदै जाने छन्।

(१५:११ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू अब अर्को प्रश्नकर्ता माननीय सदस्य जग प्रसाद शर्मा लाई आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१५:११बजे) **माननीय सदस्य श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्ष मार्फत उपप्रधानमन्त्री तथा अर्थमन्त्रीलाई मेरो प्रश्न महालेखापरीक्षक र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग यी दुई ज्यादै महत्त्वपूर्ण रहने आयोग हुन जो अर्थ मन्त्रालय सँग सम्बन्धित छन्। यी आयोगहरूलाई प्रभावकारी बनाउन मन्त्रालयसँग के-कस्तायोजनाहरू रहेका छन्। हाम्रो देशमा बेरुजू एउटा मुख्य समस्याका रूपमा रहेको छ यसलाई कम गर्न मन्त्रालयसँग के-कस्ता योजना छन् साथै प्राकृतिक स्रोत साधन क्षेत्रको अधिकतम उपयोग गर्न कानुनी संरचना या कार्यदक्षतामा के-के कमी रहेका छन्। धन्यवाद।

(१५:१२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय उपप्रधानमन्त्रीज्यू।

(१५:१२ बजे) **माननीय अर्थमन्त्री श्री विष्णु प्रसाद पौडेल**:- सम्माननीय अध्यक्षज्यू, प्रश्नकर्ता माननीयज्यूलाई म हार्दिक धन्यवाद भन्न चाहन्छु। महालेखापरीक्षकको कार्यालयलाई प्रभावकारी बनाउन गरिएको कार्यहरू यस प्रकार छन्।

महालेखापरीक्षक कार्यालय अन्तर्गत ७ टा प्रादेशिक कार्यालय स्थापना हुने गरि नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण ONM प्रस्ताव गरिएको छ। लेखापरीक्षकहरूको पेसागत दक्षता अभिवृद्धि तथा स्वायतता कायम गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ। बेरुजूको लगत तथा सम्परीक्षण कार्यालय प्रभावकारी बनाउन नेपाल अडिट म्यनेजमेट सिस्टम सञ्चालनमा रहेको र उक्त प्रणाली सँग अन्य वित्त व्यवस्थापन प्रणालीहरूको अन्तर आबद्धता गर्ने काम भइरहेको छ। बेरुजू कम गर्न सार्वजनिक खरिद प्रणालीमा सुधार, कानुनी, स्पष्टता र खर्चको मापदण्डर कार्य योजना बनाउने गरि बजेट वक्तव्यमा भएका कार्य अगाडि बढाउने गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा समसामयिक सुधार गरि विगत ३ वर्ष देखि बाँकी रहेको बेरुजू सम्परीक्षण तथा लगतकट्टा गर्न कार्य सुरु गरिएको छ।

अध्यक्ष महोदय, यसैगरी प्राकृतिक स्रोत तथा वित्त आयोगको कामकारबाही लाई प्रभावकारी बनाउन गरिएको कार्यहरू यस प्रकार छन्।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रथम रणनीति योजना २०७९/८०, २०८३/८४कार्यान्वयनमा रहेको छ। प्राकृतिक स्रोत तथा वित्त आयोगको संस्थागत शुद्धीकरणलाई सरकारले उच्च प्राथमिकतामा राखेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग बाट हुने समष्टिगत आर्थिक, सामाजिक तथा वित्तीय प्रशिक्षकहरूको अध्ययन, अनुसन्धान र विश्लेषणलाई प्राथमिकतामा राखिएको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरे बमोजिम प्रदेश र स्थानीय तहहरूमा वित्तीय समानीकरण अनुदान राजस्व र रोयल्टीको बाँडफाँट गरि हस्तान्तरण हुने प्रबन्ध गरिएको छ। यस कार्यको समन्वय र सहजीकरण गर्नका लागि मन्त्रालयमा वित्तीय संघीयता समन्वय महाशाखाको व्यवस्था गरिएको छ। यो वित्तीय समन्वय महाशाखाले आफ्नो तर्फबाट समन्वयको काममा प्रभावकारी भूमिका निर्वाह गरिएको छ। धन्यवाद।

(१५:१५ बजे) **सम्माननीय अध्यक्षः**- अब प्रश्नकर्ता माननीय सदस्यलाई पूरक प्रश्न सोध्न चाहनु हुन्छ भने प्रश्नसँग सम्बन्धित विषयमा केन्द्रित रहि एक मिनेट भित्र पूरक प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१५:१५बजे) **माननीय सदस्य श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी,माओवादी केन्द्र)ः**-सम्माननीय अध्यक्षज्यू मार्फत माननीय मन्त्रीज्यूलाई धन्यवाद दिन् चाहन्छु। मेरो पूरक प्रश्न रहेको छसंघीयताको मर्म स्प्रिड अनुरूप महालेखालाई ७ प्रदेशमा सहसचिव स्तरको कार्यालय खोल्ने गरि २०७८ ONM गरिएकोतर यसलाई अस्वीकार, खारेज गरिएको सूचनामा आएको छ। पूर्ण उपसचिवको नितृत्वमा ONM गऱ्यो जो पूर्ण संघीयताको मर्म अनुरूप भएन भनेर स्थगित छ भन्ने सुन्न पाइन्छ अब कसरी अगाडि बढ्छ साथै हाम्रो जस्तो देश विकासका लागि प्राकृतिक स्रोत पहिचान परिचालन नै मुख्य आधार हो। घरेलु आधार र प्रविधिबाट मात्र उच्च विकासित आधार र प्रविधिमा पुग्न सकिन्छ तर प्राकृतिक स्रोत आयोगकोसंविधानले दिइएको अधिकार २०७४ मा बनेको कानुनको अनुसार झन्डै ६० प्रतिशत कटौती गरेको भने भनाई छ। यदि यसो हो भने कानुनकोसंशोधन बारे यो मन्त्रालय र मन्त्रीले कसरी सोचि राखु भएको छ। धन्यवाद।

(१५:१६ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय उपप्रधानमन्त्रीज्यू।

(१५:१६ बजे) <u>माननीय अर्थमन्त्री श्री विष्णु प्रसाद पौडेल</u>:- सम्माननीय अध्यक्षज्यू, पूरक प्रश्न सोध्नु हुने माननीयज्यूलाई धन्यवाद गर्न चाहन्छु। अब यो ONM सर्भेको स्प्रिड के हो भने महालेखापरीक्षकको कामलाई प्रभावकारी बनाउन ७ प्रदेशमा प्रादेशिक कार्यालय स्थापना गर्न आवश्यकता छ भने महालेखापरीक्षकको कार्यालयले त्यो आवश्यकता बोध गरि सकेपछि त्यो ONM सर्भे गर्ने कार्यालय त्यो प्रभावकारी रूपमा अगाडि बढाइरहेको छ यो प्रक्रिया अगाडि बढाएको छ छिटै उसले पूर्णता पाउँछ भने मेरो विश्वास छ। जहाँ सम्म कुन तहको पदाधिकारी वा कर्मचारी राख्ने भने कुरा त्यो कार्य बोझ र आवश्यकताले तय गर्ने कुरा हो त्यसकारणले यो कुन तहको कर्मचारीको प्रबन्ध गरिन्छ ONMसर्भेमा भने कुराले यो महालेखापरीक्षकको भूमिका निर्धारण हुने होइन महालेखापरीक्षकले प्रादेशिक तहबाट सम्पादन गर्नुपर्ने कामका लागि जुन तहको कर्मचारी आवश्यकमा पर्छ भने अध्ययनले त्यो निष्कर्ष दिन्छ तद्धन ONM सर्भे गर्ने हिसाबले अगाडि बढिएको छ यो म निवेदन गर्न चाहन्छुर यो कुनै खारेजी कटौती भन्दा पनि आवश्यकतालाई केन्द्रमा राखेर हामी ONM सर्भे गर्दै छौं। दोस्रो यो प्राकृतिक स्रोत र वित्त आयोगको सन्दर्भमा यसका अधिकार कटौती आदित्यादि भने सन्दर्भमा हामीले संविधानको स्प्रिड र त्यसको मर्म अनुरूप नै प्राकृतिक स्रोत तथा वित्त आयोगलाई शक्तिशाली र प्रभावकारी बनाउनु पर्छ भने मान्यतामा सरकार छ र मन्त्रालयको तर्फबाट, सरकारको तर्फबाट प्राकृतिक स्रोत तथा वित्त आयोग सँग गर्नुपर्ने सहजीकरण, सहयोगलाई लगायतका कामहरूमा तद्धन मन्त्रालयले भूमिका निर्वाहगरेको छ।त्यसकारणले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग क्षमता वा त्यसको अधिकार कटौती गर्ने भने प्रस्ट हुदैन् र संघीयताको प्रभावकारी कार्यका निम्ति एउटा अत्यन्त महत्त्वपूर्ण उपकरणको रूपमा यो आयोग रहेको छ। त्यसले गर्दा यो आयोगलाई कमजोर बनाउने होइन प्रभावकारी बनाउने सोचमा सरकार रहेको तद्धनुकुल नै सहायक र सहजीकरण गरिएको व्यहोरा म निवेदन गर्दछु। धन्यवाद।

(१५:१८ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू अब अर्को प्रश्नकर्ता माननीय सदस्य भुवन बहादुर सुनार लाई आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१५:१८बजे) मानननीय सदस्य श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष महोदय, मार्फत उपप्रधानमन्त्री तथा अर्थमन्त्रीज्यूलाई मेरो प्रश्न यस प्रकार छ। हुन् त मैले यो प्रश्न सोधेको आर्थिक वर्ष ०८१/८२ मै हो यो गत बितेको ०८२ जेठ तिर हो र अहिले अर्को आर्थिक वर्ष लागि सकियो त्यसैले गर्दा यसको सन्दर्भ कति मिल्छ र पनि मैले अहिले यो प्रश्न राखेको छु। यो भाद्र महिनाको १ वर्ष अगाडि भाद्र महिनामा मैले रोस्टमबाटै यो दलित सामुदायिकको हित, प्रवर्धन र विकास प्राधिकरण समेतको लागि भूमियोजन, २० करोड रकम, अर्थ मन्त्रालयमा नै छ। संघीय मामिला वा महिला मन्त्रालय मार्फत कार्यान्वयनमा आउँछ भनु भएको थियो। अहिले कुन अवस्थामा छ, कुन चरणमा छ, भनेर मैले प्रश्न राखेको थिए त्यो अहिले त्यति सान्दर्भिकता हुन्छ कि हुँदैन र मैले प्रश्न राखे हस्।

(१५:२० बजे) सम्माननीय अध्यक्षः- माननीय उपप्रधानमन्त्रीज्यू।

(१५:२० बजे) माननीय अर्थमन्त्री श्री विष्णु प्रसाद पौडेलः- सम्माननीय अध्यक्षज्यू, यो प्रश्नकर्ता माननीयज्यूलाई म धेरै धरै धन्यवाद भन्न चाहन्छु। वास्तवमा यो दलित सामुदायिक हकहित प्रवर्धन जोडिएर राज्यले के गर्दैछ, कसरी अगाडि बढ्दैछ, लगानी के गर्दैछ र यो सामुदायिकको हितका निम्ति कस्ता काम गर्दैछ त्यो भन्ने जोडिएर जुन प्रश्न गर्नु भएको छ त्यसका लागि म धन्यवाद भन्न चाहन्छु। माननीयज्यूले प्रश्नसँगै उत्तर पनि प्रस्तुत गर्नु भएको छ मैले दिनु पर्ने जवाफ पनि आफैले दिनु भएको छ त्यसको लागि पनि म धन्यवाद भन्न चाहन्छु। यो प्रश्न खास गरी गत आर्थिक वर्षको बजेटको कार्यान्वयनसँग सम्बन्धित छ। हामीले त्यो अघिल्लो आर्थिक वर्षको कालखण्ड पुरा गरेर नयाँ आर्थिक वर्षमा प्रवेश गरेका छौं। नयाँ आर्थिक वर्षका लागि बजेट प्रस्तुत पनि भइसकेको छ पारित पनि भइसकेको छ र यो चालू आर्थिक वर्षको बजेट कार्यान्वयनमा रहेको व्यहोरा म निवेदन गर्न चाहन्छु र यो चालू आर्थिक वर्षको बजेटले दलित सामुदायिकको खास गरि सीप, कला र पेसाको संरक्षण रोजगारी र आय आर्जनका प्रश्नमा अत्यन्त महत्त्वका साथ यो विषयलाई लिइरहेको छ र त्यस हिसाबले बजेट विनियोजन गरेको छ भने कुरा मैले निवेदन गर्न चाहन्छु। चालू आर्थिक वर्ष ०८२/८३ मा दलित सामुदायिकको परम्परागत सीप, कला र पेसाको संरक्षण गर्दै रोजगारी र आय

आर्जनका अवसर सिर्जना गर्नभगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ भनेर बजेटले बोल्छ र आधुनिक प्रविधिको प्रयोग सुन, चाँदी, काँच, तामा, फलाम, छाला, काठ, पत्थर लगायतका सामाग्री उत्पादन र बजारिकरण गर्ने यसका लागि रु. ५० करोड विनियोजन गर्ने जस्ता महत्त्वपूर्ण कामहरू चालू आर्थिक वर्षको बजेटले गरिएको छ। म के कुरामा विश्वास व्यक्त गर्दछु अध्यक्ष महोदय कि यो बजेटको प्रभावकारी कार्यान्वयनका निम्ति सम्बन्धित मन्त्रालयले अहिले नै यो कार्यविधिको तयारी थालि सकेको त्यो कुराको जानकारी मलाई छ। कार्यविधि शीघ्र यति शीघ्र कार्यविधि निर्माण गरेर यो ५० करोडको बजेटको सहि अधिकतम र उच्चतम सदुपयोग गर्दै हामीले खास गरि दलित सामुदायिकका बीचमा सीप विकासका तालिमका कार्यक्रमहरू अनि सहुलियत पूर्ण कर्जा र उत्पादनको बजारिकरण यस हिसाबले यो परम्परागत सीपहरू छन् दलित सामुदायिकका बीचमा ती सीप र व्यवसायको प्रवर्धन गर्ने त्यस हिसाबले यो कार्यक्रम अगाडि बढ्दै छ। मलाई लाग्छ भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रमको कार्यान्वयनले दलित सामुदायिकका बीचमा यो सीप विकासको प्रश्नमा, स्वरोजगारीको प्रश्नमा र उत्पादनको बजारिकरणको प्रश्नमा यसले धेरै ठुलोयोगदान दिने छ। भने म विश्वास व्यक्त गर्न चाहन्छु। धन्यवाद।

(१५:२३ बजे) सम्माननीय अध्यक्षः- अब प्रश्नकर्ता माननीय सदस्यलाई पूरक प्रश्न सोधन चाहनु हुन्छ भने प्रश्नसँग सम्बन्धित विषयमा केन्द्रित रहि एक मिनेट भित्र पूरक प्रश्न सोधन समय उपलब्ध गराउँछु।

(१५:२३बजे) माननीय सदस्य श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष मार्फत उपप्रधानमन्त्री तथा अर्थमन्त्री धन्यवाद दिँदै मेरो पूरक प्रश्न यस प्रकार छ।महत्त्वपूर्ण पूरक प्रश्न यो छ आर्थिक वर्ष ०८२/८३ बजेटमा समतामुलक सभ्य र सुसंस्कृत समाजका निर्माणका लागि छुवाछूत तथा भेदभाव विरुद्ध राष्ट्रिय अभियान सञ्चालन गरिनेछ। यसका लागि सामाजिक अन्तर मिलन, अन्तर घुलनका विशेष अभियान सञ्चालन गरिनेछ र यस कार्यक्रम सञ्चालनको लागि र हरेक वर्ष जेठ २१ गते जातीय विभेद तथाछुवाछूत उन्मूलन गर्ने राष्ट्रिय दिवस मनाइने छ भने भनिएको छ तर यसमा बजेट छैन यसमा सार्वजनिक बिदाको कुरा छैन।

(१५:२४ बजे) **सम्माननीय अध्यक्ष** :- माननीय उपप्रधानमन्त्रीज्यू।

(१५:२४ बजे) **माननीय अर्थमन्त्री श्री विष्णु प्रसाद पौडेल**:- धन्यवाद प्रश्नकर्ता माननीयज्यूलाई वास्तवमा माननीयज्यूको प्रश्नको स्पिड र मेरो जबाफको स्पिड ठ्याकै मिल्या छ जस्तो लाग्छ। हाम्रो साझा सरोकार के हो भन्दा खेरी दलित सामुदायिकलाई हामी यो जुन प्रकारको अत्यन्त निन्दनीय आजको एक्काइसै शताब्दीका निम्ति हामी समस्त नेपालीका निम्ति एउटा अपमानका विषयको रूपमा रहेको छ। दलित प्रति हुने गरेको भेदभाव, छुवाछूत लगायतको जुन प्रकारको विभेद छ यो विभेद र यो असमानता हामी सबैका निम्ति एउटा चुनौतीको विषय हो। यो विभेदको अन्त्य र दलित सामुदायिकलाई सम्पूर्ण रूपमा समान हैसियतमा खडा गर्ने त्यो अभियानलाई साझा राष्ट्रिय अभियान हो भने मलाई लाग्छ। सरकारले यो विषयलाई त्यसरी लिइ रहेको छ त्यही गम्भीरताका साथ लिइ रहेको छ म निवेदन गर्न चाहन्छु। यो जेठ २१ गते राष्ट्रिय दिवसको जुन घोषणा गरिएको छ यो राष्ट्रिय दिवसको घोषणा गरेर सरकारले राम्रो काम गरेको छ भने म ठान्दै छुम आफैले गरेको काम राम्रो भन्दा खेरी त्यति कर्णवृह सुनिन्छ तर यो ऐतिहासिक सन्दर्भ सँग जोडिएको छ। र दलित सामुदायिकको राष्ट्रिय दिवसका रूपमा मनाउन चाही रहेका छौं। यसका निम्ति स्रोतका अभाव हुदैन् माननीयज्यू आबद्ध गराउन चाहन्छु यो दिवस यो कार्यक्रमको आयोजना गर्नका निम्ति बजेटको अभाव हुदैन् जहाँ सम्म अहिले एउटा ५० करोडको बजेटको व्यवस्था गरेर दलित जब सम्म मान्छे आर्थिक रूपमा सम्पन्न समृद्ध हुदैन् आर्थिक रूपमा आर्थिक हैसियत माथि नउठीकन त्यो विभेद असमानताबाट अझै न्याय समानता कायम गर्न त्यति सजिलो हुदैन्त्यसकारणले अहिलेको बजेटले सरकारले दलित सामुदायिकलाई आफ्नो परम्परा सीपमा अझ त्यो सीपको निम्ति आवश्यक तालिम र विकासमा जोड दिने, सहुलियत पूर्ण कर्जा दिने, उत्पादनलाई बजारिकरण गर्ने र आर्थिक रूपमा सबल दुल्याउने आर्थिक रूपमा सबल दुल्याइ सकेपछिअरू प्रकारका विविधका विविध जुझिन अझै त्यसले अनुकूल आधार सिर्जना गर्छ त्यसकारणले दलित सामुदायिकले आर्थिक दृश्यकोणले रूपमा सक्षम र सबल दुल्याउने उद्देश्यका साथमा एउटा उल्लेखनीय बजेट मलाई लाग्छ अहिले सम्म दलित सामुदायिकको उत्थान विकास सीप विकास जस्ता कार्यका निम्ति विनियोजन गरेको यो सबै भन्दा ठुलोअङ्कको

बज्र होला जस्तो मलाई लाग्छ त्यस हिसाबले बजेटको व्यवस्था गरिएको छ। मेरो अपेक्षा मेरो विश्वास के छ भन्दा खेरी हामीले यो बजेटको प्रभावकारी कार्यान्वयन गर्न सकियो भने आउने दिनहरूमा ५० करोडमा मात्र सीमित हुने होइन यसको आकार बढ्दै जाने छयसले निरन्तरता पाउने छ रसाची नै हाम्रा दलित सामुदायिक बीचको सीप र उत्पादनले देशभित्र मात्र होइन अन्तर्राष्ट्रिय बजारमा पनि एउटा उल्लेखनीय स्थान पाउने छ भने मेरो विश्वास छ। त्यस हिसाबले नै सरकारले यो चीजलाईअगाडि सारेको छमैले यति भनेर आफ्नो जबाफलाई टुङ्ग्याउन चाहन्छु। धन्यवाद।

(१५:२८ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय उपप्रधानमन्त्रीलाई आसन ग्रहण गर्नेको लागि अनुरोध गर्छु। माननीय सदस्यहरू अब विधायन व्यवस्थापन समितिका माननीय सभापति तुलसा कुमारी दाहाललाई राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभा समक्ष पेस गर्न समय उपलब्ध गराउँछु

(१५:२९बजे) **माननीय सदस्य श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः-सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको सम्बत् २०८१ साल चैत ४ गते बसेको बैठकले राष्ट्रिय सभामा उत्पति भएको राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ माथि दफाहरू छलफलको लागि यस समितिमा पठाएको थियो। उक्त विधेयक उपर २९ जना माननीय सदस्यहरूले ७१ ओटा बुँदामा संशोधन प्रस्ताव दर्ता गराउनु भएको थियो। प्राप्त संशोधन प्रस्ताव सहित विधेयक माथि सम्बत्२०८२ साल असार २३ गते सैद्धान्तिक छलफल भएको थियो।तत्पश्चात् विज्ञ र सरोकारवाला सँग समेत समितिले छलफल गरि दफावारि छलफल आरम्भ गरेको थियो। यस विधेयकको कार्यसूचीमा आधारित भइ समितिका ७ वटा बैठक बसेको थिएप्रस्तुत विधेयकले वैज्ञानिक विधि र पद्धतिको प्रयोग द्वारा प्रमाणको सङ्कलन, विश्लेषण तथा परीक्षण गरीकसुरको अनुसन्धान तथा न्याय सम्पादनमा सहयोग पुऱ्याउन र विधि विज्ञान सम्बन्धी अध्ययन अनुसन्धान तथा परीक्षणलाई प्रभावकारी, विश्वसनीय र विशिष्टीकृतबनाउन राष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन गर्ने उद्देश्य लिएको छ। समितिका बैठकहरू विधेयक प्रस्तुता माननीय मन्त्री, संशोधनकर्ता, माननीय सदस्यहरू शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्बद्ध कर्मचारीहरू, कानुन न्याय तथा संसदीय मामिला

मन्त्रालय सम्बद्ध कर्मचारीहरू, विषय विज्ञ लगायतका व्यक्तिहरूको उपस्थित रहेको थियो। प्रतिवेदनले विधेयकको प्रस्तावना सहित २१ ओटा संशोधन गरि यो विधेयकलाई परिमार्जन गरेको छ। यस विधेयक माथि विभिन्न चरणमा भएका औपचारिक अनौपचारिक छलफलमा सहभागी हुनका साथै प्रतिवेदन लेखक समेतमा सहयोग गर्नु हुने सम्बद्ध लाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। सम्माननीय अध्यक्ष महोदय को अनुमतिले समिति द्वारा सम्बत् २०८२ साल भदौ ९ गते पारितराष्ट्रिय विधि विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन विधेयक, २०८१ सम्बन्धी प्रतिवेदन यस सम्मानित सदन समक्ष पेस गर्दछु। धन्यवाद।

(१५:३१ बजे) <u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्यहरू अब राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र आर्याललाई वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१ सम्बन्धी प्रतिनिधि सभाबाट प्राप्त संदेश सभा समक्ष जानकारी गराइ टेबुल समय उपलब्ध गराउँछु।

(१५: ३१बजे) <u>राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र आर्याल</u>:- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभाबाट पारित भएको विधेयकको संदेश प्राप्त हुन आएको छ। अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली २०७५ को नियम १२४ को उपनियम १ बमोजिम उक्त संदेश सभा समक्ष जानकारी गराउँछु। श्री सचिव राष्ट्रिय सभा विषय संदेशसहित विधेयक पठाइएको प्रतिनिधि सभामा उत्पति भएको वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१ लाई अर्थ समिति संलग्नप्रतिवेदन सहित सम्बत् २०८२ साल भद्र ६ गते शुक्रवार बसेको प्रतिनिधि सभा बैठकले पारित गरेको हुँदा प्रतिनिधि सभा नियमावली २०७९ को नियम १२७ को उपनियम १ बमोजिम संदेशसहित विधेयक पठाइएको व्यहोरा अनुरोध गर्दछु। हर्कराज राई सचिव २०८२/५/६ सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभा नियमावली २०७५ कोनियम १२४ को उपनियम १ बमोजिम उक्त संदेश यस सम्मानित सभा समक्ष टेबुल गर्दछु। धन्यवाद।

(१५:३२ बजे) <u>माननीय सञ्चार तथा सूचना प्रविधि मन्लालय पृथ्वी सुब्बा गुरुङ</u>:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सामाजिक सञ्जाल विधेयक, २०८१

लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठायोस भने प्रस्ताव यस सम्मानिनत सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१५:३३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू अब समाजिक सञ्जाल विधेयक, २०८१ लाई दफा छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठायोस् भने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावका पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला।

-"हुन्छ"

र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

"हुन्न" आवाज सुनिएन तसर्थ सामाजिक सञ्जाल विधेयक, अर्को बैठक मिति २०८२ भदौ १६ गतेसोमवार अपराह्ण १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यही स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८२ साल भदौ १६ गते सोमबार अपराह्न १:१५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित भयो)।

स्थगितः १५:३४ बजे।